मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १३७ ● २०८० साल चैत्र २५ गते आइतबार ● Sunday 07, April 2024 ● सूर्योदय: बिहान ५:४९ बजे ● सूर्यास्त: साँझ ६:२५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## आर्थिक तथा वाणिज्य नीति परिमार्जनको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्रका समस्या समाधानका लागि सरकारले आर्थिक तथा वाणिज्य नीति परिमार्जन गरी अगाडि बढ्ने बताएका छन् । वीरगंजमा आयोजित कार्यक्रममा मन्त्री भण्डारीले उद्योगीले भोग्नु परेको समस्या समाधान गर्न सम्बन्धित कानुन संशोधन गर्ने तयारीमा सरकार रहेको बताए । उनले औद्योगिक क्षेत्रको विकासविना अर्थतन्त्र विकास नहुने बताउदै निजी क्षेत्र बलियो भएमात्र राज्य बलियो हुने दाबी गरे । उद्योगमन्त्री भण्डारीले वीरगंज मुलुकको प्रमुख औद्योगिक हबका रुपमा रहेको र वीरगंज पथलैया औद्योगिक क्षेत्रलाई करिडोरका रुपमा घोषणा गरेर यसको पूर्वाधार विकासमा सरकार लाग्ने समेत बताए ।

उनले विगतमा उद्योगी उद्यमशीलतालाई राज्यले परिभाषित गर्दा महत्व नदिएको बताउँदै विगतमा भएका विविध समस्या, कोभिड महामारी नाकाबन्दी पछिल्लोपटक बैंकको ब्याजदरको कारण उत्पन्न समस्याले उद्योग धरासायी हुने अवस्थामा पुगेको हुँदा औद्योगिक क्षेत्रको विकासका लागि सरकारले नयाँ योजना ल्याउन जरुरी रहेको कुरामा जोड दिए । मन्त्री भण्डारीले कालोसूचीमा रहेका साना मझौला रुग्ण उद्योगीका हकमा राज्यले कार्यदल बनाएर फेरि अध्ययन गरिने बताउँदै उद्योग व्यापार, लगानी र पूर्वाधार बाट मात्र देशको अर्थतन्त्र मजबुत हुने र यसबाटै राजनीतिक स्थायित्व समेत कायम हुने दाबी गरे । कार्यक्रममा विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले औद्योगिक क्षेत्रमा आवश्यक विद्युत् पु¥याउने कार्यमा प्राधिकरण प्रतिबद्ध रहेको बताउदै केही दिनयता सिस्टमको खराबी, ओभरलोडका कारण विद्युत् आपूर्तिमा समस्या देखिएको भए पनि यो धेरै दिन नरहने दाबी गरे ।

कार्यक्रममा संविधानसभा सदस्य तथा उद्योगी अनिल रुंगटाले आर्थिक नीतिमा स्थायित्व नआउन्जेल उद्योग व्यापार सप्रिन्छ भनेर सोच्नु व्यर्थ रहेको बताए । उनले हाल विभिन्न प्रकृतिका उद्योग बेग्लाबेग्लै किसिमका समस्यासँग जुधिरहेको बताए । तथापि, स्टिल, सिमेन्टलगायत सबै उद्योग २० प्रतिशतको इफिसियन्सिमा चलेको उनले जानकारी दिए । निर्माण सामग्रीको माग धेरै हुने ड्राइ सिजन (माघ, फागुन) मै बिजुली काटिँदा उद्योग चल्ने अवस्था नरहेको रूंगटाले बताए ।

कार्यक्रममा प्राध्यापक डा. सुस्मा तिवारीले संविधानमा महिलालाई अधिकार दिएको भए पनि व्यवहारमा लागु नहुँदा उद्योग वाणिज्य, कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलगायतको क्षेत्रमा महिलाले सास्ती खेप्दै आएको बताए । कार्यक्रममा वीरगंजका उद्योगी व्यवसायीले हाल उद्योगीको मनोबल गिरेको अवस्था रहेको हुँदा औद्योगिक क्षेत्र विकासका लागि एकद्धार प्रणाली लागु हुनुपर्नेमा जोड दिए ।

## प्रहरी र कर्मचारीविनाको संघीयता अधुरोः मुख्यमन्त्री

- अधिकारविनाको मधेशमा ठोस काम हुन सकेन
- केन्द्र गठबन्धन परिवर्तनले विकासका काममा अवरोध
- ६५ लाख जनसंख्यालाई कर्णालीलाई भन्दा कम बजेट
- फास्ट ट्र्याक र अन्तर्राष्ट्रिय विमानस्थल अर्थतन्त्रको मेरुदण्ड



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले अधिकारविनाको संघीयताले समृद्ध मधेश बनाउन नसकिने बताएका छन् ।
शनिबार वीरगंजमा आयोजित 'वीरगंज वाणी' कार्यक्रममा मुख्यमन्त्री यादवले देशको अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याउने र संघीयता ल्याउनसमेत वीरगंजले महत्वपूर्ण भूमिका खेलेको बताए ।
उनले विगत ७ वर्षदेखि मधेशले अधिकारविनाको संघीयता भोग्दै आएको र मधेशको विकासका लागि गर्नुपर्ने ठोस काम गर्न नसकेको भन्दै गुनासो गरे । उनले संविधान लागु गर्ने बेला वीरगंजवासीले नाकाबन्दीका कारण भइरहेको अप्ठ्यारो र व्यापार घाटा सहेरै भए पनि संघीयता ल्याउन खेलेको भूमिका कसैले बिर्सन नहुने बताउदै कर्मचारी र प्रहरी प्रशासन प्रदेश मातहातमा नआइकन संघीयता कार्यान्वयन हुन नसक्ने दाबी गरे ।
उनले केन्द्रको सत्ता गठबन्धन अकस्मात परिवर्तन हुँदा प्रदेशहरूमा समेत कम्पन आउने र थालिएका काम बीचमै अलपत्र पर्ने परिस्थिति विद्यमान रहेको बताउदै अघिल्लो गठबन्धन सरकारका पालामा मधेशमा सिँचाइ व्यवस्थापनका लागि करिब १ अर्ब रुपैयाँको परियोजना अघि सारेर टुंगोमा पुग्ने लागेका बेला केन्द्रमा नयाँ मन्त्रिमण्डल बनेपछि योजना अलपत्र परेकामा दुःखेसो व्यक्त गरे ।
उनले 'बजेट बनाउने बेला ६५ लाखको हाराहारीमा जनसंख्या भएको मधेश प्रदेशलाई १३ अर्ब रुपैयाँ विनियोजन हुने गरेको तर जम्मा १२–१३ लाख जनसंख्या भएको कर्णाली प्रदेशलाई १९ अर्ब रुपैयाँ छुट्याइएकामा केन्द्र सरकारको ध्यानाकर्षण गराउँदै मधेशको एकमात्र महानगर वीरगंजलाई समेत सरकारले बजेट दिन विभेद गरेको बताए ।
मुख्यमन्त्री यादवले निजगढ–काठमाडौँ फास्ट ट्र्याक र निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल तत्काल निर्माण गर्नुपर्नेमा जोड दिँदै यसबाट मुलुकको अर्थतन्त्रमा आमूल परिवर्तन आउनसक्ने दाबी गरे ।

## वीरगंजलाई धार्मिक गन्तव्य बनाउँदैछौँः सिंह

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजलाई 'वैभव वीरगंज' बनाउने काम सुरु मात्र भएको बताएका छन् । वीरगंजमा शनिबार भएको 'वीरगंज वाणी' कार्यक्रमको दोश्रो सत्रलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले 'वैभव वीरगंज' बनाउन अझै धेरै काम गर्न बाँकी रहेको बताए । उनले वीरगंजको सरसफाइ र सौन्दर्यकरणमा अहिले देखिएको सकरात्मक परिवर्तन आफ्नो एकल प्रयासले मात्र नभई यसमा सम्पूर्ण वीरगंजवासीको साथ र सहयोग रहेको जानकारी दिए ।
'वीरगंजले पाएका विरासतको सौन्दर्यकरण मात्र गरिदिएका छौँ,' उनले भने, 'अझै धेरै गर्न बाँकी छ, 'वैभव वीरगंज' बनाउने महानगरको अभियानमा वीरगंजबासीका साथै मिडियाको पनि उत्तिकै साथ र सहयोग आवश्यक छ ।'
वीरगंजलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउने अभियानमा महानगर लागिसकेको बताउँदै नगर प्रमुख सिंहले त्यसका लागि यहाँ रहेका विभिन्न धार्मिक मठमन्दिर संरक्षण र सौन्दर्यकरण गरिरहेको जानकारी दिए । नगर प्रमुख

> 'सरकारले काठमाडौँ महानगरलाई साढे १४ सय करोड बजेट दिने तर वीरगंज महानगरलाई १ सय १५ करोड रुपैयाँमात्रै बजेट पठाउने गरेको छ'



सिंहले बारा, पर्सा तथा सिमावर्ती भारतीय पर्यटकलाई पशुपतिनाथको दर्शन गर्न काठमाडौँमै जानु जरुरी नभएको खुलासा गर्दै वीरगंजमै रहेको पशुपतिनाथको मन्दिरमा पूजा आराधना गर्न सकिने बताए । त्यसैगरी भगवान रामको दर्शनका लागि अयोध्या जानु नपर्ने भन्दै वीरगंजमै रामजानकीको मन्दिर भएको बताए ।
नगर प्रमुख सिंहले वीरगंजलाई आर्थिक नगरी भनेर प्रचार गरिए पनि त्यसको वास्तविक अनुभूति वीरगंजबासीले अहिलेसम्म गर्न नपाएको गुनासो गरे ।
नगर प्रमुख सिंहले वीरगंजलाई महानगर बनाउँदा ग्रामीण भेगका १६ वटा वडा थपिएको बताउँदै ती वडामा महानगर हुन आवश्यक मापदण्ड अनुसारको सडक र अन्य भौतिक संरचना नरहेकाले यसतर्फ महानगरको ध्यान केन्द्रित भएको बताए । संघीय सरकारले देशमा रहेका ६ महानगरमध्ये सबैभन्दा कम बजेट वीरगंज महानगरलाई दिने गरेका कारण बजेट अभावमा आफूले सोचे अनुसार काम गर्न नसकिरहेको बताउँदै नगर प्रमुख सिंहले संघ सरकारले त्यही काठमाडौँ महानगरलाई साढे १४ सय करोड बजेट दिने तर वीरगंज महानगरलाई १ सय १५ करोड रुपैयाँमात्रै बजेट आउने गरेकामा दुखेसो व्यक्त गरे ।

जनहितका लागि जारी सन्देश
समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफनै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुग्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




आगलागी भइहालेमा के गर्ने ?
- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगालागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# ‘उद्योगी–व्यवसायीमा आत्मबल बढाउँन लागौँ’

**मधेशदृष्टि**
**वीरगंज ।**
अर्थ मन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेले व्यवसायीको समस्या राष्ट्रको समस्या भएको बताएका छन् । शिथिल अर्थतन्त्रका कारण उद्योग–व्यवसायीमा आत्मविश्वास घटेको सन्दर्भमा उनले यस्तो बताएका हुन् ।
‘वीरगंज वाणी’ कार्यक्रमको तेस्रो सत्र ‘अर्थतन्त्र उकास्न स्थिर नीति’ मा राजस्व सचिव घिमिरेले भने, ‘के गर्दा उद्योगी–व्यवसायीको आत्मविश्वास बढ्छ ? त्यसलाई छलफल गरेर अघि बढ्नु पर्छ ।’
केही समय पहिला ब्याजदरका कारण होला भनिए पनि ब्याजदर घट्दो रुपमा रहँदा समेत आर्थिक गतिविधि बढ्न नसकेको उनले जनाए । ‘सरकार र निजी क्षेत्र बसेर छलफल गरेर समस्याको गहिराइमा पुगौँ,’ उनले भने, ‘यो व्यवसायीको मात्र समस्या नभई मुलुककै समस्या हो । यस किसिमको उदारता विचारको साथ अघि बढ्नु जरुरी छ ।’
राजस्व कम हुनु मुख्य समस्या नरहेको समेत उनको भनाइ छ । ‘राजस्व कम हुनु मुख्य समस्या होइन, मुख्य समस्या भनेको अर्थतन्त्र चलायमान नहुनु हो, आर्थिक कारोबार नबढ्नु हो,’ उनले भने, ‘आर्थिक कारोबार बढ्यो भने राजस्व संकलन स्वाभाविक रुपमा बढ्छ । हामी राजस्व बढाउनेभन्दा पनि आर्थिक क्रियाकलापलाई प्रवद्र्धनतर्फ उन्मुख हुनुपर्छ ।’
आर्थिक क्रियाकलापलाई प्रवद्र्धन भएपछि राजस्व स्वतः बढ्ने उनको भनाइ छ । कठिन अवस्थाबाट गुज्रिँदै अहिले वृद्धितिर गइरहेकाले लघुताभास लिएर अघि बढ्नु पर्ने अवस्था नरहेको उनले प्रस्ट्याए ।

# उद्योगी, व्यापारीलाई आर्थिक प्याकेज जरुरी

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक प्रदीप यादवले वीरगंजको औद्योगिक विकासका लागि औद्योगिक प्याकेज दिन जरुरी रहेको बताएका छन् ।
वीरगंजमा शनिबार आयोजित कार्यक्रममा पूर्वमन्त्री तथा प्रतिनिधि सभा सदस्यसमेत रहेका यादवले वीरगंज र देशकै उद्योग व्यापार क्षेत्रमा बादल छाएकाले सरकारले आर्थिक प्याकेज ल्याउनु पर्ने बताए ।
उनले सरकारले नीति बनाउँदा सरोकारवालासँग नाम मात्रको कुरा गर्ने तर कार्यान्वयन नगर्दा समस्या भएको बताए । आर्थिक तथा वाणिज्य क्षेत्रका नीति केही व्यक्तिले कब्जा गरेकै कारण उद्योग व्यापार धरासायी अवस्थामा पुगेको बताए । सांसद यादवले सरकारले व्यापार गर्न वीरगंजमा सुक्खा बन्दरगाह र एकीकृत चाँज चौकी बनाएर खराब हावा, धूलो, धूवाँ र प्रदूषण वीरगंजका जनताले खान्छन् भन्दै बजेट खाने सरकारले वीरगंजलाई बजेट नदिएको भन्दै आक्रोश व्यक्त गरे ।

# ‘व्यवहार परिवर्तनले रोगमा कमी ल्याउन सकिन्छ’



**मधेशदृष्टि**
**वीरगंज ।**
पटेर्वासुगौली गाउँपालिकाको स्वास्थ्य शाखा संयोजक भुजेन्द्र यादवले जिल्ला स्वास्थ्य कार्यालय पर्साका स्वाथ्यकर्मी र कर्मचारीहरुको सहयोगका कारण स्वास्थ्य सेवामा राम्रो नतिजा आएको बताएका छन् । राष्ट्रिय खोप कार्यक्रमको समिक्षा तथा सुक्ष्म योजना अद्यावधिक पूर्ण खोप घोषणा र दिगोपना दुई दिने अभिमुखिकरण गोष्ठी कार्यक्रमको समापन समारोहलाई सम्बोधन गर्दै यादवले जेठ ३ गते जिल्लालाई पूर्ण खोप जिल्ला घोषणा कार्यक्रमलाई सफल बनाउन सबैलाई आग्रह गरे । सरसफाइको व्यवहार परिवर्तनले झाडापाखाला टाईफाईड जस्ता रोगमा कमी हुने भएकोले प्रभावकारी रुपमा लाग्न सबैलाई सुझाव समेत दिए । सरसफाइ सम्बन्धी व्यवहारमा परिर्वतन ल्याउन सके अहिले लगाइरहेका धेरै खोपहरु लगाउनै नपर्ने संयोजक यादवको भनाइ थियो ।
कार्यक्रममा चार वटा पालिकाका स्वास्थ्य शाखा संयोजक तथा सबै पालिकाका स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए । अधिकृत मल्लिका श्रेष्ठको सहयोगमा स्वाथ्यकर्मीहरुलाई सरसफाइ व्यवहारको बारे नाटक समेत प्रदर्शन गरिएको थियो । शनिबार पहिलो चरणको गोष्ठी सम्पन्न भएको र पछि पर्सा जिल्लाका ११२ वार्डका स्वास्थ्य संस्था प्रमुखसहित पालिका संयोजकको सहभागितामा उक्त कार्यक्रम चार चरणमा गर्ने लक्ष्य रहेको जनाएको छ ।

# बझाङमा १२, इलाममा २० जनाको उम्मेद्वारी

**मधेशदृष्टि**
**वीरगंज ।**
निर्वाचन आयोगले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि आज इलाम र बझाङ जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उत्साहजनक एवं शान्तिपूर्ण रुपमा उम्मेदवारको मनोनयन भएको जनाएको छ ।
आयोगका अनुसार इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ को उपनिर्वाचनका लागि १२ राजनीतिक दलबाट १२ र आठ स्वतन्त्र उम्मेदवार गरी कुल २० जनाको मनोनयनपत्र दर्ता भएको छ । मनोनयनपत्र दर्ता गर्ने २० जना सबै पुरूष छन् ।
बझाङ निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा सदस्य उपनिर्वाचनका लागि १२ राजनीतिक दलबाट १२ जनाको मनोनयनपत्र दर्ता भएको आयोगले जनाएको छ । जसमध्ये एक महिला र ११ पुरूष रहेका छन् । आयोगका अनुसार यही चैत २५ गते उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने र उम्मेदवारको नामावली प्रकाशन गर्ने, चैत २७ गते उम्मेदवारको नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्ने कार्यक्रम छ ।
आगामी वैशाख १५ गते शनिबारका दिन बिहान ७ देखि साँझ ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने आयोगले जनाएको छ । आयोगले मतदानमा सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न आयोग सम्बन्धित सबै मतदातामा आह्वानसमेत गरेको छ ।



महोत्तरीको मटिहानी–७ स्थित पीरबाबा मजार (इस्लाम परम्पराका सुफी सन्त पीरबाबा)को समाधिस्थल । सुफी सन्त पीरबाबा आधुनिक मटिहानीका परिकल्पनाकारका रुपमा यो क्षेत्रमा पूज्य छन् ।

# महिला विश्वविद्यालय स्थापना आवश्यकः त्रिपाठी

**अनिल घिमिरे**
**काठमाडौँ ।**
प्राध्यापक डा. बासुदेव त्रिपाठीले नेपालमा महिला विश्वविद्यालयको स्थापना हुनपर्ने बताएका छन् । काठमाडौँको मोडर्न कन्या मल्टिपल कलेज, मिलन चौतारीद्वारा शनिबार आयोजित कार्यक्रममा प्राध्यापक डा. त्रीपाठीले यस्तो बताएका हुन् । काठमाडौँस्थित पद्म कन्या कलेजलाई महिला विश्वविद्यालय बनाउनुपर्नेमा जोड दिदै डा.त्रिपाठीले महिला विश्वविद्यालय राजनीति र व्यापारीकरणबाट मुक्त हुनुपर्ने बताए ।
डा.त्रिपाठीले, ‘भने अहिले नेपालका कुनै पनि विश्वविद्यालय राजनीति र व्यापारीकरणबाट मुक्त छैनन ।
त्यसैले यदि महिला विश्वविद्यालय स्थापना हुने हो भने राजनीतिकरण र व्यापारीकरणबाट मुक्त हुनुपर्छ ।’ २००७ सालदेखि शैक्षिक क्षेत्रमा महिलाहरु बिस्तारै अघि बढे पनि महिला शिक्षाको अवस्था सन्तोषजनक नरहेको उनको भनाइ थियो । नारीहरु नै आधा समाज, आधा आकाश, आधा देश, आधा विश्व भएता पनि पुरुष प्रधान समाजले नारीलाई अहिले पनि तल नै राखेको हुँदा नारीहरुले आआफ्नो क्षेत्र र विधामा उच्च शिक्षा हासिल गर्नुपर्नेमा उनले जोड दिए ।
कार्यक्रममा संविधानविद् काशिराज दाहालले संविधानले नै राजनीति र विभिन्न निकायमा ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था भएकै कारणले नै स्थानीय र संघीय सरकारमा कम्तिमा ४० प्रतिशत महिला सहभागिता रहेको बताए । तर, अझै पनि नीति निर्माण र राज्य संरचनामा महिला सहभागिता बढाउनुपर्ने उनको भनाइ छ । नेपालमा



बर्सेनि ८५ हजार पारिवारिक महिला हिंसाका घटनाहरु भएको तथ्याङ्कले देखाएको भन्दै उनले सबैभन्दा बढी मधेश प्रदेशमा दाइजो र बोक्सीलगायतका कुरिती र कुप्रथाहरुका कारण बढी महिला हिंसामा परेको बताए । महिला हिंसालाई निरुत्साहित गर्न महिला सशक्तीकरण र महिला शिक्षामा विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो । कलेज सञ्चालक समिति तथा कार्यक्रमका अध्यक्ष डा. रामप्रसाद दाहालले महिला शिक्षित भइन् भने परिवार शिक्षित हुने भन्दै शिक्षामा महिलाको पहुँच बढाउनुपर्नेमा जोड दिए । उनले सोही उद्देश्यबाट प्रेरित भएर नै मोडर्न कन्या मल्टिपल कलेज स्थापना भई विगत १७ वर्षदेखि निरन्तर सञ्चालन भइरहेको बताए ।

# नयाँ वर्ष पार्टी पुनःजागरणको वर्ष हुनेछः थापा

**रासस**
**ललितपुर ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी वर्षलाई पार्टी पुनःजागरणको वर्ष बनाउँदै सुशासनप्रति प्रतिबद्ध रहने उल्लेख गरेका छन् । नववर्ष २०८१ का अवसरमा नेपाली कांग्रेस ललितपुर क्षेत्र नं २ द्वारा शनिबार महालक्ष्मी नगरपालिका वडा नम्बर ६ सिद्धिपुरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा महामन्त्री थापाले आम नागरिकमा रहेको राजनीतिप्रतिको वितृष्णालाई चिर्दै भरोसा दिलाउन लागिपर्ने धारणा राखे । ‘हामी आफूसँग भएको कुरामा खुसी हुन सक्नुपर्छ । इमानदारीपूर्वक काम गर्नुपर्छ, परिणाम र भविष्यका विषयमा धेरै चिन्ता लिन नहुनेरहेछ’, उनले भने, ‘खुला समाज, निजी क्षेत्रको विकास र नागरिकलाई समृद्ध बनाउने कुरामा विश्वास गर्छा ।’
उनले सुशासनप्रति प्रतिबद्ध रहँदै नागरिकलाई भरोसाको प्रत्याभूति दिने पनि बताए । ‘यो वर्ष सत्तामा आँखा लगाउँदैनौं, जनताको समस्या समाधानका लागि पार्टीलाई बलियो बनाउन लागिपर्छाैं,
राजनीतिप्रतिको वितृष्णालाई चिर्दै भरोसा दिलाउन लागि पर्छौं’ महामन्त्री थापाले भने । पुनःजागरणका लागि पार्टीको शुद्धीकरण र सुदृढीकरण हुनुपर्छ भन्दै उनले विसं २०८२ को महाधिवेशन सम्पन्न गर्न वडा सभापति, क्षेत्रीय सभापति र जिल्ला सभापतिको भूमिका महत्त्वपूर्ण हुने धारणा राखे । उनले पार्टीमा सबैले जिम्मेवारी पूरा गर्नुपर्ने र नेता तथा कार्यकर्तामा विचार र व्यवहारको शुद्धीकरण हुनुपर्नेमा जोड दिए । बाध्यतावश विदेशमा काम गर्न गएकाहरूलाई गौरव गर्न सक्ने र भरोसा दिनेगरी काम गर्न सक्नुपर्ने भन्दै उनले राजनीतिक नेतृत्वले समस्याको समाधान दिनुपर्ने बताए । नागरिकले राजनीतिकर्मीबाट पारदर्शिता र शुद्धता खोजेको उल्लेख गर्दै उनले सांसद, मेयर, वडाध्क्ष निष्कलङ्क हुनुपर्नेमा ध्यानाकर्षण गराए ।
पार्टीभित्र क्रियाशील सदस्य बन्न खुला वातावरण बनाउनुपर्ने बताउँदै उनले जिम्मेवारी र पदमा आउनका लागि निश्चित मापदण्ड तयार गर्नुपर्नेमा जोड दिए । महामन्त्री थापाले नेतृत्व चयन प्रक्रियालाई परिवर्तन गर्दै गुटबन्दीको अन्त्य गर्न आवश्यक रहेको बताए । कांग्रेस केन्द्रीय सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा डा गोविन्द पोखरेलले विपीको आदर्श अनुसरण गर्नुपर्नेमा जोड दिए । ‘हामीहरु विदेशी सीप, ज्ञान ल्याएर नेपाललाई समृद्ध बनाउन सक्छौँ । राजनीति भनेको जहिले पनि विचार र दर्शनमा आधारित हुन्छ, दर्शन र विचार नै बलियो नभएका पार्टीहरूसँग अल्मलिएर कांग्रेसले समय खेर फाल्नु हुँदैन’, प्रा डा पोखरेलले भने । गालीगलौजको भरमा भोट हाल्ने संस्कृति बदल्नुपर्ने भन्दै उनले जनप्रतिनिधि समाजसेवा गर्न गएको प्रतिनिधि भएको बताए ।
कांग्रेसले ल्याएको नीतिले २०४८ देखि २०५१ सम्म विकासका गतिविधि तीव्र रूपमा बढेको स्मरण गरे । ‘क्षमता हासिल गर्न विदेश जाँदा दुःख मान्नुपर्दैन, तर बाध्यताले विदेशिएकाप्रति भने हामी संवेदनशील हुनुपर्छ’ उनले भने ।
कांग्रेस बागमती प्रदेशका उपसभापति तथा संविधानसभा सदस्य चन्द्र महर्जनले जनतामा उत्साह जगाउने काममा केन्द्रीय तहदेखि स्थानीयस्तरसम्म पार्टी नेतृत्व र कार्यसमितिले ध्यान दिनुपर्ने बताए ।
उनले २०८२ सालमा महाधिवेशन हुने वातावरण तयार गर्नु आवश्यक रहेको बताउँदै समयमा महाधिवेशन भएन भने २०८४ सालको निर्वाचनमा सफल हुन कठिन हुने धारणा राखे । कांग्रेस जिल्ला सभापति जितेन्द्रकुमार श्रेष्ठले वर्ष २०८१ लाई ललितपुरमा प्रशिक्षण वर्षका रूपमा सङ्गठन परिचालन गर्ने बताउँदै पार्टीले आवश्यकतानुसारको प्रशिक्षण दिने बताए । उनले अधिवेशनको समयमा भएको मतभेद, मनभेद र कमजोरीलाई लामो समयसम्म लिएर राख्न नहुने भन्दै विगतको तिक्ततालाई प्रतिशोधको भावनाले भन्दा पनि सहकार्य गर्दै एकताको भावना लिएर अगाडि बढ्न आग्रह गरे ।
कार्यक्रममा प्रदेशसभा सदस्य रामकृष्ण चित्रकार, महालक्ष्मी नगरपालिकाकी उपप्रमुख लक्ष्मी महर्जन, ललितपुर क्षेत्र नं १ का सभापति सुन्दरमान थिङ, क्षेत्र नं २ का सभापति महेश खड्कालगायतले मन्तव्य राखेका थिए ।


## राहदानी हरायो

धनुषाको पौडेश्वरबाट जनकपुरधाम आउने क्रममा केही साताअघि मेरो तपसिल बमोजिमको राहदानी हराएकाले पाउनु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनुहोला वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नामः विनोद कुमार यादव**
**ठेगानाः पौडेश्वर–२, पौडेश्वर, धनुषा**
**राहदानी नम्बरः ०७७३८८२४**
**सम्पर्क नम्बरः९८०९६०८७१७**

## इलेक्ट्रिक स्कुटर हरायो

मिति २०८० चैत ९ गते शुक्रबार दिउँसोदेखि साँझबीचमा मेरो तपसिल बमोजिमको हुलियाको इलेक्ट्रिक स्कुटर हराइरहेको छ । पाउनु हुने वा देख्नु हुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु होला ।
सवारी साधनः इलेक्ट्रिक स्कुटर
स्कुटी नम्बरः म.प्र.०२–००६ प ३५११
निर्मित वर्षः २०२२
सिलिण्डर संख्याः १
च्याचिस नम्बरः पियुआर६६ एसआइपिएनटी २६०००२ बि
सवारी रंगः निलो
स्कुटरधनीः रमेश कामती
ठेगानाः सिरहा नपा–११, सिरहा
सम्पर्क नम्बरः ९८४२८५८५१०

# लागु औषधसहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**सर्लाही ।**
लागु औषधसहित प्रहरीले सर्लाहीको नवलपुरबाट दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सर्लाहीकै हरिपुर नगरपालिका वडा नम्बर ७ चिताइनका २८ वर्षीय पिन्टु कुमार गुप्ता र ३० वर्षीय राजेश सहनी रहेका छन् । उनीहरुलाई लागु औषध नाइट्रोभेट ट्याब्लेट तीन हजार पिससहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

नेपाली प्रहरीको लागु औषध नियन्त्रण ब्यूरो वीरगंजले दिएको सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको प्रहरी टोलीले लालबन्दी नगरपालिका वडा नम्बर १ नवलपुर चोकमा ज ४ प ५१३६ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गरेको थियो ।

चेकजाँचका क्रममा उक्त मोटरसाइकलमा सवार गुप्ता र सहनीले चाउचाउको कार्टुनभित्र लुकाएर लैजाँदै गरेको अवस्थामा नाइट्रोभेट ट्याब्लेट तीन हजार पिस बरामद गरिएको प्रहरी निरीक्षक हरिबोल केसीले जानकारी दिए ।

त्यसैगरी, जिल्ला प्रहरी कार्यालय बाराले लागु औषध गाँजा बरामद गरेको छ । बारा प्रहरीले सिम्रौनगढ नगरपालिकाको वडा नम्बर २ महुवाहीबाट १० किलो गाँजा बरामद गरेको हो । नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा साइकल चालक प्रहरीलाई देख्नसाथ फालेको बोराबाट गाँजा बरामद भएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले बताए ।

उनका अनुसार साइकल चालकले प्रहरीलाई देख्नसाथ गाँजा फाली फरार भएका थिए । त्यसपछि फालेको बोरा खोल्दा उक्त परिमाणको गाँजा बरामद भएको बारा प्रहरीले जनाएको छ ।

# बसको ठक्करबाट ट्राफिक प्रहरीको मृत्यु



**मधेशदृष्टि**
**बारा ।**
बाराको जितपुर सिमरा उपमहानगरपालिकाको अमलेखगञ्ज चोकमा डियुटीमा खटिएका ट्राफिक प्रहरी जवानको बसको ठक्करबाट मृत्यु भएको छ । काठमाडौँबाट काँकरभिट्टाको लागि हिँडेको बागमती प्रदेश ०१–००ख ६१२३ नम्बरको बसको ठक्करबाट अमलेखगञ्जमा कार्यरत प्रहरी जवान मुनटुन यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक प्रहरी जवान यादव पर्साको छिपहरमाई गाउँपालिका मिर्जापुर निवासी रहेको प्रहरीले जनाएको छ । अमलेखगञ्ज चोकमा शुक्रबार राति सवा ११ बजे डियुटीमा खटिएका ट्राफिक प्रहरी यादवलाई बसले ठक्कर दिएपछि उनको घटनास्थलमै मृत्यु भएको बाराका प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए । उनका अनुसार रातिको समयमा चोकमा खटिएका प्रहरी जवान यादवले चेकजाँचको लागि रोक्न खोज्दा बसको ब्रेक नलागेर यादवलाई ठक्कर दिएको थियो । प्रहरी जवानलाई ठक्कर दिएको बसलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने मृतक यादवको शव वीरगंजको नारायणी बयोध्या मेडिसिटी अस्पतालमा राखिएको छ ।

# बारा प्रहरी प्रमुखको जिम्मेवारी एसपी खड्कालाई

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा जिल्लासहित नेपाल प्रहरीका १६ जना प्रहरी उपरीक्षक (एसपी) सरुवा भएका छन् । प्रहरी महानिरीक्षक वसन्त कुँवरले विभिन्न जिल्ला तथा कार्यालयहरूमा काम गरिरहेका एसपीहरूको सरुवा गरेका हुन् । प्रहरी महानिरीक्षक कुँवरले बारामा एसपी महेन्द्र खड्कालाई पठाएका छन् । उनी प्रहरी प्रधान कार्यालय सूचना विश्लेषण शाखा नक्सालमा कार्यरत छन् । बारामा एसपीका रूपमा कार्यरत सुरेश प्रसाद काफ्लेको प्रदेश प्रहरी कार्यालय सुर्खेतमा सरुवा गरिएको छ ।

त्यस्तै रौतहटमा अपराध अनुसन्धान विद्यालय महाराजगञ्जमा कार्यरत एसपी दिलीप घिमिरेलाई पठाइएको छ । महोत्तरीका एसपी श्याम राई र सर्लाहीका एसपी दयानिधि ज्ञवाली कमान्ड सम्हालेको डेढ महिनामै सरुवा गरिएको छ । राईको स्थानमा नकुल पोखरेल र ज्ञवालीको स्थानमा रवीन्द्र बहादुर सिंहलाई पठाइएको छ । एसपी राईलाई अपराध अनुसन्धान विद्यालय महाराजगञ्ज र ज्ञवालीलाई नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल काठमाडौँ तानिएको छ । जिम्मेवारी दिइएको एक वर्ष नपुगी सरुवा नगर्ने भनिए पनि दुई जना एसपीलाई भने डेढ महिनामै सरुवा गरिएको छ । दुवै एसपीले फागुन २ मा जिल्लाको कमान्ड सम्हालेका थिए ।

# ‘विद्यार्थीको विकासमा अभिभावको दायित्व’

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्यले विद्यार्थीको समुचित विकासका लागि अभिभावकको समेत महत्वपूर्ण दायित्व रहेको बताएका छन् । शनिबार वीरगंजस्थित हाम्रो मन्टेश्वरी विद्यालयको छैठौं वार्षिक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

कार्यक्रममा मानव सेवा आश्रमका मधेश प्रदेश संयोजक दिवेश गुप्ता, पूर्व वडा अध्यक्ष गजेन्द्र पटेललगायतका वक्ताले मन्टेश्वरी पद्धतिलाई आत्मसाथ गर्दै विद्यालयले अघि बढाएको सिकाई प्रक्रियाको प्रशंसा गरे ।

सो क्रममा कक्षा पीजीदेखि कक्षा दुईसम्मका विद्यार्थीहरुले विभिन्न आकर्षक प्रस्तुति प्रस्तुत गरेका थिए भने अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीलाई मेडल र प्रमाणपत्र समेत वितरण गरिएको थियो । सो कार्यक्रम विद्यालयका प्रधानाध्यापक उमेश घिमिरेको अध्यक्षतामा भएको थियो ।

# ढल्केबरमा २११ जना युवाद्वारा रक्तदान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
युवाहरुको सक्रियतामा ढल्केवरमा दुई सय ११ जनाले रक्तदान गरेका छन् । विभिन्न संघसंस्थाहरुको संयुक्त आयोजनामा शनिबार ढल्केवरमा भएको रक्तदान कार्यक्रममा दुई सय ११ जना युवाले रक्तदान गरेका हुन् । ढल्केवर कार्यक्षेत्र बनाएर काम गरिरहेको मिथिला युवा सञ्जाल, मिथिला उद्योग वाणिज्य संघ, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति ढल्केवर, मिथिला लायन्स क्लब , मिथिला ब्याडमिन्टन क्लब, मधेश प्रदेश उद्योग परिसंघ मधेश प्रदेश, मिथिला नगर पत्रकार सञ्जालको संयुक्त आयोजना तथा नेपला रेडक्रस सोसाइटी धनुषा शाखाको प्राविधिक सहयोग र ब्लड फर नेपालको सहकार्यमा आयोजित रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । रक्तदान कार्यक्रममा ढल्केवरसहित वरिपरिका युवा, महिला, व्यापारी, श्रमिक, शिक्षक, राजनितिज्ञ, विधार्थी, पत्रकार, खेलाडीलगायतले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा सहभागी सबै रक्तदाताहरुलाई आयोजक संस्थाले प्रमाणपत्र प्रदान गरेका थिए ।

ढल्केवरमा हालसम्मकै धेरै (२११) जनाले रक्तदान गरेको सुखद पक्ष रहेको मिथिला युवा सञ्जाल ढल्केवरका अध्यक्ष ई.मनिष महतोले बताए । रक्तदान कार्यक्रममा युवाहरुको सक्रियता देखेर एकदमै खुशी लागेको मिथिला नगरपालिकाकी उपप्रमुख सुनिता सिंह बुढाथोकीले बताइन् । साथै उनले नगरको विकासका लागि यस्ता सामाजिक कार्यले सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । त्यसैगरी, मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले युवाहरुको सक्रियाता हुने विभिन्न सामाजिक कार्यहरु गर्नुपर्ने आवश्यकता रहेको र त्यसमा आफ्नो पनि सहयोग रहेन बताए ।

# लायन्स क्लबद्वारा ह्वील चेयर सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लबले अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वील चेयर सहयोग गरेको छ । पर्साको बहुदरमाई नगरपालिकाका वडा नम्बर ४, ५ र ६ का चार जना अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वील चेयर सहयोग प्रदान गरेको हो । बहुदरमाई युवा समाज र सामाजिक अयिन्ता प्रकाश थारुको पहलमा लायन्स क्लबले अपाङ्गता भएका चार जनालाई ह्वील चेयर सहयोग गरेको हो । वीरगंजमा शनिबार आयोजित लायन्स क्लबको दोश्रो बार्षिक जिल्ला सम्मेलनमा क्लबका पदाधिकारीहरुले बहुदरमाइ नगरपालिका वडा नम्बर ४ का डोकैलाका ठाकुर पंडित, बहुअरीका नगनारायण नुनिया, वडा नम्बर ५ भौराटारका राकेश यादव र वडा नम्बर ६ का कृष्ण कुमार यादवलाई ह्वील चेयर हस्तान्तरण गरेका हुन् ।

# विपन्न परिवारलाई ग्यास चुलो वितरण

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको मटिहानीमा दलित र अति विपन्न परिवारलाई खाना पकाउने ग्यासको सिलिण्डर र चुलो निःशुल्क वितरण गरिएको छ । शनिबार महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नम्बर ८ स्थित श्री राम माद्यामिक विद्यालयमा आयोजित कार्यक्रममा संघीय सांसद महन्थ ठाकुरले सिलिण्डर र चुलोको सेट हस्तान्तरण गरेका हुन् । सुशीला ठाकुर मेमोरियल हेल्थ फाउंडेशनलाई सिलिण्डर र चुलो भारत सरकारको साना विकास परियोजना अन्तर्गत प्राप्त भएको थियो ।

मटिहानी नगरपालिकाका वडा १ देखि ९ सम्मका करीब दुई हजार अति विपन्न तथा दलित परिवारलाई निःशुल्क सिलिण्डर र चुलो वितरण गरिएको कुरा सुशीला ठाकुर हेल्थ मेमोरियल फाउंडेशन धनुषाका अध्यक्ष डा. मिनाक्षी ठाकुरले बताए । नेपाल र भारतबीच पारिवारिक, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको उल्लेख गर्दै उनले भारतबाट हुने यस किसिमका सहयोगले नेपाल–भारतका जनताबीच अझ मजबुत बनाउन सहयोग हुने बताए ।

# हटियामा ‘शपिङ कम्प्लेक्स’ निर्माण सुस्त

**रासस**
**राजविराज ।**
राजविराजको हटियामा निर्माणाधीन ‘शपिङ कम्प्लेक्स’ को सुस्तगतीमा काम भइरहेको पाइएको छ । सुन्दर हाट र बजार व्यवस्थित गर्ने उद्देश्यले सप्तरीको सदरमुकाम राजविराजस्थित हटियामा दुईतले शपिङ कम्प्लेक्स निर्माण सुरु गरिएको थियो । हटिया पस्ने मुख्य बाटोमा स्थानीयले जथाभावी फालेका फोहोरका कारण हटिया क्षेत्र सधैँ दुर्गन्धित देखिने गरेको छ । पाँच वर्षअघि राजविराज नगरपालिकाका तत्कालीन नगरप्रमुख शम्भुप्रसाद यादवको नेतृत्वले निर्माण थालेको उक्त भवन सम्पन्न नहुँदा बजार अस्तव्यस्त बनेको स्थानीय व्यापारी बताउँछन । निर्धारित समयमा भवन सम्पन्न नहुँदा बजार वरिपरि जथाभावी तरिकाले पसलहरु सञ्चालन भएका छन् भने बजार अस्तव्यस्त देखिएको छ ।

जथाभावी सागसब्जी, किराना पसल, फलफूहरु, विभिन्न कोस्मेटिक समान, चामल, भाँडावर्तन, दाउरा नाङ्लो बेच्ने व्यापारी अव्यवस्थित रुपमा बसेर बिक्री गर्ने गरेका राजविराज–३ का बबिता यादवले गुनासो गरिन् । यसरी बजार अव्यवस्थित हुँदा पैदल यात्रा गर्न तथा दैनिक उपभोग्य वस्तु किन्न सास्ती हुने गरेको उनको भनाइ छ । यादवले भनिन्, ‘राजविराजको हटियामा ढल निकासका लागि नालाहरु निर्माण सुस्तगतिमा गरेकाले हटिया प्रवेश गर्ने ठाउँबाट अन्य ठाउँमा किनमेल गर्न, आवतजावत गर्न कठिनाइ भइरहेको देखिएको छ ।’ स्थानीय कोस्मेटिक (मनियहारा) पसल सञ्चालक श्रवण दासका अनुसार हटियबजार व्यवस्थित गर्नका लागि निर्माण थालिएको शपिङ कम्प्लेक्सको काम समयमा सम्पन्न नभएकाले व्यापारव्यवसाय फस्टाउन सकेको छैन ।

शपिङ कम्प्लेक्सको करिब ८० प्रतिशत काम सकिएर ढल निकासी गर्नका लागि चारैतिर नाला बनाउने काम भइरहेको कार्यवाहक नगरप्रमुख इसरत परविनले बताए । राजविराज–७ स्थित हटियाको एक बिघा ११ कट्ठा जग्गामा सघन सहरी विकास कार्यक्रमअन्तर्गत नगरपालिकाले पाएको कूल ३५ करोड रुपैयाँ मध्ये १९ करोड रुपैयाँको लागतमा भवन व्यवस्थित गर्ने काम थालिएको उनले जानकारी दिए । दुईतले शपिङ कम्प्लेक्समा तीन सय आठ कोठा रहने छन् । भवन निर्माण डिभिजन कार्यालयमार्फत रसुवा रोसन जेभी निर्माण कम्पनीसँग सम्झौता भई भवन निर्माण थालिएको थियो । ठेकेदारको लपरबाहीका कारण निर्धारित समयभन्दा दुई वर्ष बढी लागे पनि हालसम्म सम्पन्न नभएको नगरवासीले गुनासो गरेका छन् ।

भवनको पहिलो तला छत ढलान गर्ने र दोस्रो तलामा जस्ताले छाउने गरी कम्प्लेक्स निर्माण भइरहेको नगरपालिकाले जनाएको छ । सोही अनुरुप पहिलो तला छत ढलान र दोस्रो तलामा जस्ताले छाउने काम सम्पन्न भएको कार्यवाहक नगरप्रमुख परविनले जानकारी दिए । उनका अनुसार हालसम्म करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको छ । कार्यवाहक नगर प्रमुख परविनले गत साउनमा बजार क्षेत्रका अतिक्रमण गरी अवैधरुपमा निर्माण गरिएका संरचना भत्काउने काम गरिएको भन्दै व्यवस्थित ढल निकासका लागि नाला निर्माण भइरहेको बताए । उनले सुन्दर हाट र व्यवस्थित बजार बन्ने विश्वास व्यक्त गरे । उनका अनुसार बजेट अभावका कारण शपिङ कम्प्लेक्स निर्माणमा समस्या भइरहेको छ ।

# नगरपालिकाले बुझायो किसानको कृषि महसुल




**रासस**
**सिरहा ।**
सिरहाको लहान नगरपालिकाले नगरभित्रका किसानले सिँचाइका लागि प्रयोग गर्दा लागेको कृषि विद्युत् महसुल बुझाएको छ । आर्थिक वर्ष २०७९÷८० मा कूल एक हजार दुई सय ३४ किसानले प्रयोग गरेका कृषि महसुलबापतको १४ लाख आठ हजार रुपैयाँ नगरपालिकाले विद्युत् प्राधिकरणलाई बुझाएको हो ।

शनिबार एक समारोहबीच नगरप्रमुख महेशप्रसाद चौधरीले विद्युत् प्राधिकरण लाहान वितरण केन्द्रका लेखा प्रमुख जितेन्द्र झालाई चेक हस्तान्तरण गरे । चेक हस्तान्तरण गर्दै नगरप्रमुख चौधरीले किसानलाई कृषि पेसामा आकर्षित गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिएको बताए । उनले भने, ‘यहाँका किसानले विद्युत् ‘हुकिङ’ नगरून्, कृषिमा आकर्षित हुन् भन्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरेका हौँ । यसबाट किसानलाई प्रत्यक्ष लाभ पुगेको अनुभूति गरिका छौँ । आगामी दिनमा पनि यस कार्यले निरन्तरता पाउने छ ।’

पालिकाले गत असारमा सम्पन्न नगरसभाबाट कार्यविधि पास गरी प्रमाणीकरण गरेको भए पनि लेखा तथा प्रशासकीय प्रमुख नियमित नहुँदा भुक्तानीमा ढिलाइ भएको नगरप्रमुख चौधरीले जानकारी दिए । उनले आव २०८०÷८१ मा सात सय कृषक परिवार थप हुने भन्दै आगामी दिनमा नगरभित्रका बाँकी किसानलाई पनि यस योजनामा समेट्दै जाने बताए । लामो समय खडेरी पर्दा किसानले भूमिगत सिँचाइको सहयोगमा खेतीपाती गर्ने गरेका छन् । यस्तो बेलामा नगरले विद्युत् महसुल तिरेर किसानलाई राहत दिएको उनीहरुको भनाइ छ ।

*सपनाहरु सत्यताका लागि हुन् ।*
*–ट्युपक साकुर*

# गुरु देवो भवः

## सम्पादकीय

## ट्राफिक प्रहरीको असुरक्षा

*शुक्रबार राति बसको ठक्करबाट ड्युटीमा रहेका ट्राफिक प्रहरी जवानको मृत्यु भएको घटना सामान्य होइन । पूर्व पश्चिम राजमार्गको जीतपुर सिमरा उपमहानगरपालिका–१९, अमलेखगञ्ज चोकमा ड्युटीमा खटिएका ट्राफिक प्रहरी जवानको बसको ठक्करबाट मृत्यु भयो । काठमाडौँबाट काँकरभिट्टाका छुटेको बागमती प्रदेश ०१–००ख ६१२३ नम्बरको बसको ठक्करबाट अमलेखगञ्जमा कार्यरत प्रहरी जवान मुनटुन यादवको मृत्यु भएको हो । अमलेखगञ्ज चोकमा शुक्रबार राति सवा ११ बजे ड्युटीमा खटिएका ट्राफिक प्रहरी यादवलाई बसले ठक्कर दिएपछि उनको घटनास्थलमै मृत्यु भएको थियो । राति चोकमा खटिएका प्रहरी जवान यादवले चेकजाँचको लागि रोक्न खोज्दा बसको ब्रेक नलागेर यादवलाई ठक्कर दिएको बताइएको छ । प्रहरी जवानलाई ठक्कर दिने बसका चालकलाई नियन्त्रणमा लिइएको छ । मृतक यादवको शव वीरगंजस्थित नारायणी बयोध्या मेडिसिटी अस्पतालमा राखिएको छ । मृतक प्रहरी जवान यादव पर्साको छिपहरमाई गाउँपालिका मिर्जापुरका वासिन्दा हुन् । घरनजिकै डुयटी मिल्ने जागिरले राजमार्गमा राति खटिएका उनको मृत्युको खबर पक्कै कसैका लागि प्रिय होइन ।*

*खासमा भन्नुपर्दा पछिल्लो समय राजमार्गमा ट्राफिक प्रहरीको मृत्यु बढ्दै गइरहेको छ । काठमाडौँमै पनि तीव्र गतिका सवारी साधनको ठक्करबाठ जेब्राक्रसमै पनि यात्तु मारिएका छन् । पोष्टमा ड्युटीमा रहेका ट्राफिक प्रहरीका जुनियर अधिकृत मारिएका छन् । ट्रिपर, यात्तुबाहक बसका अनियन्त्रित गतिले सर्वसाधारण र राजमार्ग सुरक्षामा खटिइएका सुरक्षाकर्मीको ज्यान हरण भइरहेको छ । पथलैयामा त अझ ट्राफिक प्रहरीको ठूलो पोष्ट र कमाण्डर छन् । नेपाल प्रहरीका प्रहरी उपरीक्षक दर्जाकै अधिकृत दरबन्दी रहेको पथलैयाले मधेश प्रदेशका ट्राफिक व्यवस्थापन गरिरहेको छ । पथलैया–अमलेखगञ्ज क्षेत्तमा दैनिकजसो ट्राफिक सचेतनाका कार्यक्रम भएर सैयौँलाई सचेत बनाइएको जानकारी र तस्बिर पनि ट्राफिक प्रहरीले साझा गरिरहेका हुन्छन् । अफसोस, त्यही भूगोलमा रात्तीकालीन ड्युटीमा खटिएका कनिष्ट सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु हुने गरी दुर्घटना निम्तिने गरेको छ । अमलेखगञ्जमा हेटौँडाबाट आउने सवारी साधनले गतिमा ध्यान दिएनन् भने दुर्घटना र काल नजिक हुने गरेको छ । किनभने हेटौँडाबाट आउने सवारी साधन अमलेखगञ्ज प्रहरी चेकपोष्टमा ओरालो पर्ने गर्छ । ओरालोमा भनेका बेला ब्रेकले काम गर्न सकेन भने कुनै पनि बेला सुरक्षाकर्मी किचिमिची हुनेमा शंका छैन । यादव पनि यसैको सिकार भएको हुनुपर्छ ।*

*अर्कातिर राजमार्गका लामा दूरीका सवारी साधनहरुमा हेटौँडाबाट सवारी चालकहरु फेरिने गर्दछन् । कहिलेकहीँ बिदा परेर वा अन्य केही भएर एउटै सवारी चालकले लामो दूरी तय गर्नुपर्दा उनीहरुलाई अरु भूगोलबारे जानकारी पनि हुन्न । अझ रात्तीकालीन यात्तामा गति अत्यधिक हुने भएकाले ओरालोमा पक्कै ब्रेक नियन्त्रण समस्या नै हुने गर्छ । अमलेखगञ्ज चेकबारे कैयौँ सवारी चालकलाई हेक्का पनि नहुन सक्छ । यस्तो अवस्थामा तीव्र गतिका सवारी साधनले सबैभन्दा पहिला सडक सुरक्षामा जुटेका सुरक्षाकर्मीलाई नै निशाना बनाउँछ । अतः अमलेखगञ्ज चेकपोष्टलाई प्रहरी सुरक्षित भएर चेकजाँच गर्ने थलोका रुपमा विकास गर्न जरुरी छ । ओरालो रहेका कारण तीव्र हुने सवारी साधनलाई अलि परैबाट हेर्ने गरी सिसिटिभीलगायत व्यवस्था गरेर चेकजाँचमा कडाइ गरिएन भने दुर्घटना निम्तिरहने देखिन्छ । बरु चेकजाँच नै प्रहरी चौकी भन्दा अलि पर समथर भूमिमा पो सार्ने हो कि ?*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्न पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com



**डा. रामसागर पण्डित**



हाम्रो संस्कृतिमा आमा, बुवा, गुरु र अतिथिलाई भगवान सरह पुज्नु पर्छ भन्ने मान्यता छ। माताले नौ महिनासम्म गर्भमा राखी आफ्नो सन्तानलाई जन्म दिनुहुन्छ। वहाँले नै संसार देखाउने काम गर्नुहुन्छ। पिताले लालनपालनको जिम्मा लिनुहुन्छ। पिताले नै आफ्नो सन्तानलाई हुर्कानुहुन्छ र भाग्यनिर्माण गर्ने काममा प्रमुख भूमिका खेल्नुहुन्छ। वहाँले बोलीचाली, विधिव्यवहार सिकाइ दिनुहुन्छ। गुरुले शिक्षा प्रदान गर्नुहुन्छ। जीवनमा सफल व्यक्ति बन्ने बाटो देखाइ दिनुहुन्छ। ज्ञानको दिसातिर लम्काउने काम गुरु नै गर्नुहुन्छ। हाम्रो धार्मिक मान्यता अनुसार अतिथिलाई समेत भगवान सरह मान्ने कुरा उल्लेख गरेको छ। यस कुराले हामीलाई के देखाएको छ भने आफ्नो जीवनलाई कसरी असल व्यक्तित्वको रूपमा विकास गर्न सकिन्छ। गुरु बिना कसैले पनि ज्ञान हासिल गर्न सक्दैन। त्यसैले गुरुलाई सर्वोत्तम स्थान प्राप्त छ।

हाम्रो संस्कृतिमा केहि विशेष दिन पारेर आमा, बुवा र गुरुजनको पूजापाठ तथा स्मरण गर्ने किटान गरेको छ। यी दिनहरूमा आमा, बुवा र गुरुलाई हाम्रो संस्कृतिमा उल्लेख भएका परम्परादेखि चल्दै आएका कुराहरूलाई स्मरण गर्दै आएका छौं। असार पूर्णिमाका दिनलाई हामीले गुरुपूर्णिमालाई विशेष दिनको रूपमा मनाउँदै आएका छौं। यसै दिन वेदव्यासको जन्म दिवस पनि मनाइन्छ। हाम्रो धर्मशास्त्रले बेदव्यासलाई ठूलो ऋषिको रूपमा मान्यता दिएको छ। गुरुलाई हाम्रो संस्कृतिमा ब्रह्मा, विष्णु, महेश्वर र परब्रह्म कै उच्च स्थानमा राखेर ठूलो सम्मान गरिएको छ। यसलाई संस्कृत श्लोकमा उधृत भएको वाक्यलाई हेर्दा ः

गुरु ब्रह्मा, गुरु विष्णु, गुरुदेवो महेश्वर ः
गुरु साक्षात परम् ब्रह्मा तस्मै श्री गुरुवे नम ः।

गुरुलाई उच्च स्थानमा राखेर सम्मान गर्नु हाम्रो सनातन परम्परा हो। त्यसैले भनेको हुनुपर्छ गुरु ईश्वरभन्दा पनि माथि हुनुहुन्छ। भगवानलाई चिनाउने पनि गुरु नै हुन्। आमा, बुवा, परिवारका अन्य सदस्यहरू तथा समाजलाई चिनाउने गुरु नै हुन्।



हाम्रो शास्त्रमा आमालाई पहिलो गुरुको स्थान प्राप्त छ। एउटा बच्चाले जो पहिलो कुराहरू सिक्छन् जो आमाबाट नै सिखेको हुन्छ। आमापछि बुवाको स्थान प्राप्त छ। आमाको लोलीबोलीबाट सिकाइ सुरू भएको हाम्रो जीवन सधै अपूर्ण रहन्छ। मृत्युसम्म मानिसले केही न केही सिकिराखेको हुन्छ। मनुष्य जीवनमा माता, पिता र गुरुको महत्वलाई विश्वभर सर्वोपरि मानिएको पाइन्छ। सिकाइ दुई प्रकारका हुन्छन् ः सकारात्मक र नकारात्मक। मानव जहिले पनि सकारात्मक सिकाइको पक्षमा हुन्छ भने दानव जहिले पनि नकारात्मक सिकाइको पक्षमा। सकारात्मक सिकाइबाट नै मानव मनुष्य बन्छ। हामी मनुष्यता र मानववीयताको संस्कार लिन्छौं।

हाम्रो शास्त्रले एउटा मानिसका लागि अनेक गुरुको मान्यता दिएका कुरालाई उल्लेख गरेका छन्। जीवनका अनेक मोडमा अगाडि बढ्नका लागि हामीलाई जो जसले जे जे सिकाउँछन् ती सबै हाम्रा गुरु हुन्। असारी पूर्णिमाका दिन प्रत्येक साल हामीले ती गुरुहरूलाई सम्झना, सम्मान, आदर, सत्कार गर्छौं। उहाँहरूले नै हामीलाई ज्ञानको ज्योतितर्फ अग्रसर गराएका हुन्छन्।

गुरु शब्दको अर्थतिर जाँदा, 'गु' शब्द अन्धकारको बोधक हो भने 'रु' शब्दको अर्थ हो प्रकाश, ज्ञान। अर्थात अन्धकारलाई नष्ट गरेर जसले उज्यालोतर्फ डो¥याउँछ त्यो नै गुरु हो। जीवनमा हामी जस जसबाट नयाँ कुराहरू सिक्छौं ती सबै हाम्रा गुरु हुन्। गुरुलाई बिग्रह गर्दा 'गिरति अज्ञानं इति गुरु' अर्थात अज्ञानलाई हटाएर ज्ञान प्रदान गर्ने व्यक्ति नै गुरु हुन्। आफूले गुरु प्रति सँधै सम्मानको भाव राख्नु नै गुरु प्रतिको उच्चतम श्रद्धा हो। गुरुप्रति जति सम्मान प्रकट गरे पनि त्यो कमै हुन्छ। हिन्दू धर्ममा गुरुलाई भगवानको दर्जा दिइएको छ। किनकि गुरुले सही के हो भने पुष्टि गरेर बाटो देखाउँछन्। हरेक व्यक्ति जो हाम्रो सही मार्ग दर्शन गर्छ, ऊ गुरु हो। हाम्रो मनुस्मृतिमा दस गुरुका नाम उल्लेख रहेका छन्। यी गुरुहरूमा सेवा गर्ने अर्थात पुरानो सेवक, ज्ञान दिने अध्यापक, धर्मात्मा अर्थात जो व्यक्ति धर्मको कार्य गर्ने गर्छ, पवित्र आचरण गर्ने अर्थात जो राम्रो काम गर्छ, साँचो र सत्य बोल्ने व्यक्ति, सामथ्र्य अर्थात जो व्यक्ति सबै प्रकारबाट सक्षम छ, जागिर दिनेवाला, परोपकार गर्ने अर्थात अर्काको मद्दत गर्ने र मलाई चाहने।

गुरुबाट नै हामीलाई ज्ञानरूपी नेत्र प्रदान हुन्छ। जसमा हामी विश्वका समस्त बस्तु, स्थिति र चराचरका क्रियाकलापहरूलाई स्पष्ट देख्न सक्छौ। एउटा असल जीवन जिउनका लागि सकारात्मक बाटोमा आफूलाई डो¥याउन हरेक पाइलामा सिकाइको आवश्यकता पर्छ। जसको आँखामा निःस्वार्थ प्रेम, ह्रदयमा अपरिमित करूणा, शिष्टाका हिताकाङ्क्षा, शुद्ध आचरण, अगाध अनुभव, स्वभावमा निरभिमानत, सरलता, निर्विकार छविजस्ता कुराहरूले गुरुको गौरब बढाउँछन्। गुरु र शिष्यको सम्बन्ध आस्था र प्रेमको पबित्र सम्बन्ध हुनुपर्छ।

गुरु शिष्यको सम्बन्ध बारे ऐतिहासिक कुराहरूको खोज गर्दा सत्युग, त्रेतायुग र द्वापर युगमा समेत गुरुको महिमालाई उच्च सम्मानसाथ नै हेरेका थिए। गुरुहरू प्रवचन गरेर शिक्षा प्रदान गर्थे। शिष्यहरू श्रवष गर्थे। त्यसबेला कागजको विकास नभएको हुनाले राजा तथा गुरुहरू ताम्रपत्रलाई लेख्ने बस्तुको रूपमा प्रयोग गर्थे। त्यसबेला गुरुको उपदेशलाई श्रवण गरेर ठूल्ठूला विद्वानहरू भएका कुराहरू हाम्रा शास्त्रहरूले उल्लेख गरेका छन्। त्रेतामा रामका गुरु वशिष्ट थिए। द्वापरमा पांडव तथा कौरवहरूका गुरु द्रोणाचार्य थिए। त्यसबेला दुई प्रकारका गुरु हुन्थे। पहिलो गुरु पारिवारिक गुरु जसले यज्ञोपवित्र गराउँथे, जनेउ धारण गर्न सिकाउँथे। मुण्डन गराउँथे। घरमा विभिन्न धार्मिक कार्यक्रममा पुरोहितको काम गर्थे। राजालाई आपत विपतमा सही सल्लाह दिएर सहयोग गर्थे। आजका गुरु केही व्यवसायिक कुरातिर बढीजोड दिएका छन्। शिक्षा व्यापारको कुरो होइन।

वर्तमान समयमा शिक्षाको दायरा बृद्धि भएको छ। कक्षा शुरू हुँदा निकै धेरै विषय पठाउन शुरू गराइन्छ। विभिन्न विषयका विभिन्न शिक्षकहरू हुन्छन्। यी सबै शिक्षकलाई विद्यार्थीहरूले जीवनभर याद गर्दै गर्छन। शिक्षकलाई सबै विद्यार्थीको याद राख्न कठिन हुन्छ। तर जो विद्यार्थी कक्षामा बढी अनुशासित, गुरुप्रति समर्पित र पढाइमा अब्बल हुन्छन् त्यस्ता विद्यार्थीलाई गुरुहरूले बुढेसकालसम्म याद गरेका हुन्छन्। याद कै कुरालाई लिएर यस लेखका लेखक आफ्नो भावना प्रकट गर्न चाहन्छ। म प्राइमरीदेखि विश्वविद्यालयसम्म प्राध्यापन गरेको छु। हजारौं विद्यार्थीलाई शिक्षा पणाम गरेको छु। कही जाँदा वा फर्कदा बाटोघाटोमा ती विद्यार्थीहरू भेटदा प्रमाण गरेका हुन्छन्। उनीहरूले मलाई चिनेर नै प्रमाण गरेका हुन्छन् तर सबैलाई म चिन्न सकिनँ। यसरी उमेर ढल्दै जाँदा बढी बिर्सने कुरा हुँदो रहेछ। सबै शिक्षकलाई यादगर्नु भन्दा जो शिक्षक पढाउँदा विद्यार्थीलाई बढी प्रभावित गरेका हुन्छन् त्यस्ता शिक्षकलाई बढी याद गर्छन्।

मलाई प्राथमिक शिक्षादेखि पीएच.डी. सम्म अध्ययन गर्दा मेरो जीवनलाई बढी प्रभावित गर्ने शिक्षकहरूमा गंगाधरलाल कर्ण (प्राथमिक तह), रामप्रताप पूर्वे र लोटन राय (माध्यमिक तह), कुलानन्दलाल दास र मोहन यादव (क्याम्पस तह) डा. बालकुमार केसी (स्नातकोत्तर तह) डा. विनोदकुमार चौधरी (पीएच.डी.तह) रहेका छन्। हुनत प्रत्येक गुरुको याद भैरहन्छ तर यी नाम उल्लेख भएका गुरुहरूका प्रभाव ममाथि बढी परेको महसूस गरिरहेको छु। मलाई लाग्छ प्रत्येक व्यक्तिका लागि यस्ता स्मरणीय गुरुहरू हुन्छन्। हाम्रो यहाँ एउटा पारिवारिक गुरु र अर्को शिक्षा प्रदान गर्ने गुरु अहिले पनि अस्तित्वमा देखिन्छन्। तर विगतजस्तो अहिलेको अवस्थालाई तुलना गर्दा अहिले शिक्षक र शिष्य बीचको सम्बन्ध दिनप्रीतदिन खसँ्िक्दै गएको छ।

वर्तमान समयमा शिक्षामा व्यापारीहरू घुसपैठले गर्दा न त्यस्ता गुरुहरू छन् न त त्यस्ता विद्यार्थीहरू। हाम्रो यहाँ तीन किसिमको शैक्षिक संस्था देखिन्छन्। एउटा पूर्णरूपेण सरकारी लगानीमा संचालित, अर्को समाज÷समुदायको लगानीमा संचालित, तेस्रो निजी स्रोतमा संचालित रहेका छन्। सरकारी स्कूलहरू मुनाफा रहित हुन्छन्। समाज र समुदायद्वारा संचालित मुनाफा गरे पनि पब्लिक खाताबाट संचालित हुनेहुनाले यस्ताबाट बचत रकम सोही विद्यालयको विकासमा खर्च गर्नेगरिन्छ। तेस्रो किसिमका विद्यालय निजी स्रोतद्वारा सञ्चालित हुन्छन्। यिनीहरू पूरैपूरा मुनाफामुखी रहेका हुन्छन्। जहाँ सरकारले आफू सम्भाल्न नसकेर निजी स्रोतलाई मुनाफा लिनेगरी संचालन गर्ने अनुमति प्रदान गरेको हुन्छ। यस्ता विद्यालय बढीभन्दा बढी रकम कमाउनका लागि जे पनि गर्न तयार भएका हुन्छन्। जस्तोसुकै हथकण्डा प्रयोग गर्नु परेपनि पछि पर्दैनन्। यस्ता व्यापारीकरणले गर्दा देशका नाम कमाएका स्कूलहरू समेत धराशायी भएका छन्। एउटा संस्थालाई धराशायी बनाएर अर्कोलाई मुनाफा गर्नेगरी छूटले शिक्षामा समूचित विकास कहिले पनि हुँदैन। जवकी शिक्षा, स्वास्थ्य, सुरक्षा, गाँस, बास, कपास जस्ता आधारभूत कुराहरूको पूर्ति गर्ने पूर्ण जिम्मा सरकारको हुन्छ। यस्ता आधारभूत कुराहरूको पूर्तिबाट सरकार भाग्न पाउँदैन।

जहाँसम्म गुरु शिष्यको सम्बन्धको कुरो छ प्राचीन कालमा राजादेखि रंगसम्मका विद्यार्थीहरू साथ–साथ अध्ययन गर्थे। हुनत त्यसबेला पनि शिक्षामा भेद त थियो तर आज जस्तो रकमको लेनदेनमा शिक्षा अडेको थिएन। त्यसैले त्यसबेला गुरु शिष्य तथा विद्यार्थीहरूका बीचमा पनि सुमधुर सम्बन्ध कायम रहन्थ्यो। वर्तमान समयमा सम्बन्ध प्रगाढ हुँदैन भने टुट्ने कुरै आउँदैन। अहिले देशका पुराना तथा नाम कमाएका विद्यालयहरू पूर्णरूपेण ध्वस्त भएका छन्। केही विद्यालय मोडेलको अनुमति पाएर प्रगतिको पथमा राम्ररी अगाडि बढेको देखिन्छ। सरकारले चाहेको खण्डमा शिक्षाको सुधार नहुने कुरै छैन। नयाँ शिक्षा योजनाको पद्धति २०२८ भन्दा पहिले अवस्था कस्तो थियो ? त्यसलाई सुधार्न खोज्दा नयाँ शिक्षा पद्धति ल्याएर सुधारे कै हो।

शिक्षामा विभेद धेरै भयावह नतिजा दिन्छ। शिक्षामा कसैसँग कुनै किसिमको विभेद हुनुहुँदैन। सबै नेपालीको शिक्षालिने समान अधिकार हुन्छ। अहिले सम्पन्न परिवारका बच्चाहरू बोर्डिङ्ग स्कूलमा पढ्छन् भने विपन्न परिवारका केटाकेटीहरू सामुदायिक विद्यालयमा पढ्न जान्छन्। भोलि एउटाभन्दा अर्काको बीचमा कायम भएको खाँड्ल मेटाउन सक्दैनौं। भविष्यमा यस्ता शिक्षाले विद्रोह जन्माउनुभन्दा समन्वय जस्ता काम गर्न सक्दैन।

निष्कर्षतिर लाग्दा गुरु र शिष्यको बीचमा राम्रो सम्बन्ध हुनैपर्छ। हाम्रो समाजमा शिक्षकले एउटा नेतृत्वदायी भूमिका खेलेका हुन्छन्। त्यसैले हाम्रो समाजले आमा, बुवा, गुरु र कुटुम्बलाई ईश्वरको रूपमा हेर्ने गर्छन, अर्थात ईश्वर सरह पूजासमेत गर्ने गर्छन। परम्परादेखि शिक्षक (गुरु)को सम्मानजनक रहेकाले त्यसलाई बचाइ राख्न अहिले पनि हाम्रै जिम्मेवारी रहेको देखिन्छ। संत कबीरले त गुरुको स्थान भगवानभन्दा माथि मानेका छन्। ईश्वरलाई चिनाउने गुरु नै हुन। त्यसैले गुरु सबैभन्दा उच्च स्थानमा रहेका छन्। गुरुले यदि यस मानवलाई नसुधारेको भए अहिले पनि संस्कारविहीन भएर बस्नुप¥थ्यो। पश्चिमी समाजले त पहिलेदेखि त्यस्तो सम्बन्ध राख्न सकेका थिएनन्। तर पूर्वीय समाजमा सतयुगदेखि नै यसलाई निरन्तरता दिएको देखिन्छ। हाम्रो सामाजिक सम्बन्धको आधार नै शिक्षक हुन्।

एउटा असल जीवन जिउनका लागि, सकारात्मक बाटोमा आफूलाई डो¥याउनका लागि हरेक मोडमा सिकाइको आवश्यकता पर्छ। जसको आँखामा निःस्वार्थ प्रेम, ह्दयमा अपरिमित करूणा, शिष्यको हित्काङ्क्षा, शुद्ध आचरण, अगाध अनुभव, स्वभावमा, निरभिमानता, सरलता, निर्विकार छविका धनी गुरुप्रति सबै सम्मान हुनुपर्छ, होइन भने संस्कृतिहीनताको पराकाष्टा नाघ्न वेर लाग्दैन, जो कसैको हीतमा हुनेछैन।

इतिश्री।

# ‘नेताहरुले चाहेमा देश बन्छ’

हाम्रो देशमा प्रचुर सम्भावना भएर पनि हामी पछाडि परेका छौँ । हामीकहाँ किन विकास भएन ? नेताहरुमा दुरदृष्टि नभएको हो कि ? वा काम गर्ने ढङ्ग नभएर हो ? किन शिक्षामा सुधार भएन ? कक्षा १ मा भर्ना हुने विद्यार्थी कक्षा १० मा पुग्दा साढे तीन लाखले किन कक्षा छाड्छन् ? यस्ता प्रश्नको ठोस जवाफ खोज्नुपर्छ ।

**नागिना यादव**

प्रतिनिधिसभा सदस्य



**सांसद यादवको परिचय**

नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य एवं केन्द्रीय सदस्य नागिना यादव समानुपातिक प्रणालीतर्फको सांसद हुन् । अर्थशास्त्र विषयको अध्येता सांसद यादवको पारिवारिक पृष्ठभूमि राजनीति नै भए पनि उनी उच्च शिक्षा पूरा गरेपछि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा कामको अनुभव लिएर पछिल्लो समय सक्रिय राजनीतिमा आएकी हुन् ।

**रासस**
**काठमाडौँ ।**
संसदीय प्रणालीबारे विमर्श गर्दा विश्वमा रुपान्तरणकारी, सहभागितामूलक, प्रत्यक्षलगायत प्रणाली अभ्यासमा रहेका पाइन्छ । लोकतान्त्रिक रुपमा विवेचना गर्ने हो भने खासमा हुनुपर्ने चाहिँ रुपान्तरणकारी, सहभागितामूलक संसदीय प्रणाली हो । यद्यपि हाम्रो देशमा देखावटी (डमी) संसदीय प्रणाली हाबी भइरहेको छ । सरकारको बजेट र नीति तथा कार्यक्रम तयारी र पारितमा त्यहीक्रम चलेको छ । विभिन्न विधेयक तर्जुमामा पनि सरकार नै हाबी भएको छ । यो लोकतन्त्रको उच्चतम् अभ्यासभित्र पर्दैन । हामीले जनताका प्रतिनिधिलाई मर्यादासहित स्वायत्तता दिन सक्नुपर्छ । त्यसले हाम्रो संसदीय प्रणालीलाई बलियो बनाउँछ ।

कानुन निर्माणप्रतिको मुख्य दायित्व सांसदहरुको हो । हामीले इमान्दाररुपमा भन्नुपर्दा त्यसलाई सहीरुपमा पूरा गर्न सकेका छैनौँ । हाम्रो पार्टी नेपाली कांग्रेस बहुदल र लोकतन्त्रमा विश्वास गर्ने एक पुरानो पार्टी भएकाले हामीले केही हदसम्म स्वतन्त्रता उपभोग गरेका छौँ । तर कानुन निर्माणका समयमा हामी पनि पार्टीगत आधारमा चलेका हुन्छौँ । महत्वपूर्ण सवालमा हामीले मन परे पनि नपरे पनि पार्टीले दिएको निर्देशन मान्नुपर्ने हुन्छ । त्यही भएर कतिपय अवस्थामा हामी सांसदहरु आलोचित हुन्छौँ । कुनै राम्रो कानुन बनेन वा पार्टीले जनताका भावना नबुझी निर्देशन दिएमा त्यो विवादको विषय बन्न सक्छ । विवादै भए पनि पार्टीको ह्वीप जारी भइसकेपछि हामीले आफूलाई ठीक नलागे पनि त्यसमा सहमति दिनुपर्ने हुन्छ । यस प्रकारको कार्यशैलीमा परिवर्तन ल्याउन हामीले प्रयत्न गर्नुपर्छ ।

वास्तवमा सांसदहरुमा आपसमा हार्दिकता हुनुपर्छ । देश निर्माणका सन्दर्भमा सहयाली दलहरुबीच मिलाप र सहकार्य हुनुपर्छ । मुख्यतः ठूला र एवं पुराना पार्टीहरु नेपाली काँग्रेस र नेकपा (एमाले)ले आपसी दोषारोपण नगरेर देश र जनताका लागि समस्या समाधनमा निकासको बाटो दिन सक्नुपर्छ । त्यसो हुनसके केही विकास, प्रगति र स्थिरतामा केही सकारात्मक योगदान हुन्छ । यहाँ त लोकप्रियता हासिल गर्ने ‘स्टन्टबाजी’ मात्रै देखिन्छ । खाली आरोप–प्रत्यारोप भएको छ । ठूलाठूला कुरा र लामालामा भाषण भएको छ, अनि समयको बर्बादी पनि भएको छ । भोट ब्याङ्क बढाउन स्टन्टबाजी गरिरहनु पर्दैन । जनताका बीचमा काम गरे पुग्छ । सरकार वा राजनीतिक दलले जनतालाई सेवा दिने, मुलुकमा कानुन र विधिको शासन दिनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । आफ्ना स्वार्थमा हामी सीमित भएका छौँ । यस प्रवृत्तिमा सुधार गर्नुपर्छ । हामी काँग्रेसभित्र अन्तरपार्टीमा सुधारका लागि अगाडि बढेका छौँ । पार्टीभित्र महामन्त्रीसम्मका फरक मत प्रस्तुत भएका देखिरहनुभएकै छ । यसका आधारमा हाम्रो पार्टीमा आन्तरिक लोकतन्त्र अलि बलियो छ । हाम्रो पार्टीमा संसद्मा बोल्ने विषयमा सामान्यतः ह्वीप लाग्दैन, हामी स्वतन्त्र भएका बोलेका हुन्छौँ, खाली महत्वपूर्ण विषय, विधेयक, विश्वासको मतदान आदि विषयमा मात्रै ह्वीप लागेको हुन्छ । मुलुकमा सुशासन कायम हुनुपर्छ । यस सवालमा म के भन्न चाहन्छु भने भ्रष्टाचार अन्त्यका लागि ठूलाठूला कुरा गरेर हुँदैन । कतिपय नेताहरुले त असल शासनको अर्थ नै नबुझेको जस्तो लाग्छ । सुशासन सुशासन भनेर स्टन्ट मात्रै गरेर हुँदैन । सरकारमै बस्ने र विवादित काम जारी राख्ने गर्नु हुँदैन । उच्च नैतिकता प्रदर्शन गर्न सक्नुपर्छ ।

मैले विश्वका विभिन्न मुलुकको भ्रमण पनि गरेकी छु । हाम्रो देशमा प्रचुर सम्भावना भएर पनि हामी पछाडि परेका छौँ । हामीकहाँ किन विकास भएन ? नेताहरुमा दुरदृष्टि नभएको हो कि ? वा काम गर्ने ढङ्ग नभएर हो ? किन शिक्षामा सुधार भएन ? कक्षा १ मा भर्ना हुने विद्यार्थी कक्षा १० मा पुग्दा साढे तीन लाखले किन कक्षा छाड्छन् ? यस्ता प्रश्नको ठोस जवाफ खोज्नुपर्छ । विकसित मुलुकमा राजनीतिमा यति धेरै चासो हुँदैन । हाम्रोमा प्रत्येक घरमा राजनीतिप्रति आकर्षण छ, यो हुनु राम्रो होइन, यस्तो देख्दा मलाई डर लाग्छ । सबैले राजनीति गरेर उत्पादनमूलक काममा को लाग्ने ? अनि कामै नगरी खान खोजेपछि त्यो अनियमिततातिर उन्मुख हुँदै जान्छ । हामी वास्तविकतालाई स्वीकार्नुपर्छ । विदेशीको नक्कल गरेर मात्रै पनि हुँदैन । शिक्षाजस्ता विषयमा असल परम्परा नक्कल गर्न सकिन्छ तर हामी त भ्रष्टाचारमा नक्कल गरिरहेका छौँ । जनताले यसबाट के सिक्ने ?

निर्वाचन प्रणालीमा सुधारको आवश्यकता औँल्याउने गरिएको छ । मौजुदा निर्वाचन कानुनमा पनि निर्वाचन खर्च निर्धारण गरिएको छ । वास्तविकरुपमा उम्मेदवारहरुको तोकिएभन्दा धेरै खर्च भएको छ । एक क्षेत्रमा निर्वाचन जित्न पाँचदेखि आठ करोड रुपैयाँ खर्च गरेका छन् उम्मेदवारहरुले । यसबारे गहिरो अध्ययन गर्न सक्नुपर्छ ।

नेपालीहरु इमान्दार, साहसी र कर्तव्यनिष्ठ हुन्छन् भनेर विश्वमा चिनिएका छन् । अहिले अस्थिरता, अनियमितता, विवाद आदिको परिचय थपिएको छ । राज्यको स्रोतसाधनको सही उपयोग गर्न नसकेका कारणले यस्तो अवस्था सिर्जना भएको हो । हाम्रो युवा जनशक्तिबाट जनसाख्यिक लाभ हामीले लिन सकिरहेका छैनौँ । त्यो लाभ विदेशीले लिइरहेका छन् । यो के कारणले यस्तो भयो भन्नेबारेमा अध्ययन गर्नुपर्ने छ । गरिबी हो कि ? पहुँचको अभाव हो कि ? या के भएको हो ? यो बुझ्नुपर्छ । नेताहरुले चाहेमा देश बन्छ । देश बन्न सबै प्रदेश बन्नुपर्छ ।

मलाई मधेश प्रदेशको खुब चिन्ता लाग्छ । यहाँ सुशासनको अभाव छ । संविधान प्रदत्त मौलिक हकको पालनामा कसैको ध्यान गएको छैन । मैले महोत्तरी र धनुषालगायत जिल्लामा धेरै दयनीय अवस्था देखेकी छु । हामी कहिले सुधारको बाटोमा अग्रसर हुने ? यो गम्भीर सवाल हो । म केवल सांसद हुँ । म कार्यकारी पदमा छैन । मैले जनताका आवाज संसद्मा उठाउने गरेकी छु । कानुनमा सम्बोधन गराउने भूमिकालाई पनि पालना गर्छु । कार्यकारी पदमा रहेका सबैले सक्रिय भएर देशको विकासका निम्ति आफूलाई केन्द्रित गर्नुपर्छ ।

# युवापुस्तामा सकारात्मक भावना जागृत गर्नुछः प्रधानमन्त्री



**रासस**
**लुम्बिनी ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले युवा पुस्तामा देखिएको उग्र निराशा र नकारात्मकतालाई सुधार गर्दै नेपालमा केही हुन्छ भन्ने विश्वास जगाउनुपर्ने बताएका छन् । विराट चक्र विज्ञान एवं लुम्बिनी आध्यात्मिक जागरण उत्सवका अवसरमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले युवा जनशक्तिको वैदेशिक पलायनलाई रोक्नुपर्नेमा जोड दिएका हुन् ।

‘राष्ट्रप्रेम र राज्यप्रति युवापुस्तामा देखिएको अविश्वास, उग्र निराशा तथा नकारात्मकताजस्ता समस्यालाई बेलैमा सुधार गर्दै नेपालमै केही गर्न सकिन्छ र गर्नुपर्छ भन्ने भाव जगाउनु छ’, प्रधानमन्त्री प्रचण्डले भने, ‘गर्न खोजे नेपालमा सम्भव छ भन्ने आशा र विश्वास जगाएर एक सय वर्षमा एकपटक प्राप्त हुने युवा जनशक्तिको बाहुल्यताको लाभ नेपालको विकासमा लगाउनु छ, यसका लागि नवीनता र सकारात्मकता सोच ल्याउन अपरिहार्य भैसकेको छ ।’ जबसम्म व्यक्तिले आफूभित्रका ऊर्जालाई चिनेर व्यवस्थित प्रयोग गर्न जान्दैन तबसम्म उसले खोजेको स्वस्थ शरीर, शान्त मन, ऊर्जाशील र सकारात्मक भाव, आनन्द र चौतर्फी समृद्धि हासिल गर्न नसकिने प्रधानमन्त्री प्रचण्डले उल्लेख गरे ।

उनले आध्यात्मिक जागरण र साधनाबिना बाहिरी रूपमा व्यक्तिले जतिसुकै प्रगति गरेपनि भित्रबाट व्यक्ति अशान्त र अतृप्त नै रहने बताए । ‘भित्रबाट अशान्त र अतृप्त व्यक्तिबाट आफ्नो हित र समाज एवं राष्ट्रको हित हुने कर्म गर्न सम्भव हुँदैन’ प्रधानमन्त्री प्रचण्डले भने, ‘त्यसैले आफूभित्रबाटै प्रसन्न, शान्त, सहृदयी, आत्मविश्वासी, सुखी, ज्ञानी, दृढसङ्कल्पित र आनन्दित जनशक्तिको विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।’

आनन्दित र दृढ विश्वास भएको व्यक्ति रहनका लागि हरेकमा आध्यात्मिक जागरण ल्याउन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले विज्ञानसम्मत प्रयोगात्मक साधनालाई हरेक व्यक्तिको जीवनशैली बनाउन प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिए ।

‘यो शताब्दीमा मात्रै ८० वर्ष लामो राजनीतिक सङ्क्रमण, जनयुद्ध, भूकम्प, नाकाबन्दी, कोभिड–१९ लगायतका दर्जनौं समस्या बेहोरिसक्यौँ’ प्रधानमन्त्री प्रचण्डले भने । आफ्नो नेतृत्वमा राजनीतिक संरचना र दिशा परिवर्तन गर्ने सशस्त्र क्रान्ति पनि सम्पन्न भएको उल्लेख गर्दै उनले त्यही क्रान्तिको फलस्वरुप लोकतान्त्रिक संविधान जारी गर्न सकिएको बताए ।

### ‘जीवन रुपान्तरणका लागि अर्को क्रान्ति आवश्यक’

प्रधानमन्त्री प्रचण्डले राजनीतिक पुनःसंरचनामा हामी सफल भएपछि अब प्रत्येक नागरिकको जीवन रुपान्तरणका लागि अर्को क्रान्ति गर्ने समय आएको आभास भएको बताएका छन् ।

‘मैले केही समय पहिला सम्राट अशोक बन्ने समय आएको भाव व्यक्त गरेको थिएँ, जुन मेरो अन्तरआत्माको आवाज थियो’ प्रधानमन्त्री प्रचण्डले भने, ‘मैले आध्यात्मिक रुपान्तरणको खाँचो रहेको महसूस गरेको छु, म यो भूमिबाट यसतर्फ जिम्मेवारी बोध भएको भावना व्यक्त गर्दछु ।’ नेपालीलाई पूर्ण रूपान्तरणको बाटोमा लगेर एउटा सबल, शान्तिप्रेमी र ऊर्जाशील नागरिक बनाउन सकिन्छ भन्ने आफूमा विश्वास रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले यस्तो रूपान्तरणका लागि कुनै पुरातनवादी धार्मिक राज्यको रूपमा नभएर दीगो शान्ति, सुशासन र सुव्यवस्थालाई सुनिश्चित गर्ने कल्याणकारी वैज्ञानिक आध्यात्मिक राज्यको रूपमा हुनुपर्ने आफ्नो विश्वास रहेको स्पष्ट पारे । ‘प्रत्येक व्यक्तिभित्र रहेका प्रतिभा, क्षमता र सम्भावनालाई कुनै पनि धर्म, सम्प्रदाय, जाति र वर्गको घेराभन्दा माथि उठेर आध्यात्मिक रूपान्तरणबाट मात्र यो सम्भव हुन्छ’, प्रधानमन्त्री प्रचण्डले भने, ‘अबको दशक प्रवेशसँगै नेपाल र नेपालीको समग्र हितका लागि वैज्ञानिक अध्यात्मको प्रणाली अवलम्बन गर्दै देशको स्वास्थ्य, कृषि, अर्थ, सुरक्षा, वाणिज्य र परराष्ट्रलाई अवधारणगत र संरचनागत सुधार गरी नेपाललाई विश्व अध्यात्मको राजधानी, आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।’

उनले देशको अन्तर्राष्ट्रिय छविमा व्यापक परिवर्तन ल्याउन र विश्व समुदाय माझ नेपाल शान्तिपूर्ण विश्वबन्धुत्वको पक्षमा रहेको सन्देश दिनका लागि सबैको सामुहिक प्रयास, प्रतिबद्धता र अठोट आवश्यक रहेको उल्लेख गरे । उनले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट विश्वलाई नेपाल एउटा योगभूमि र तपोभूमि भएको र नेपालीहरू योगी र ध्यानी छन् भन्ने सन्देश दिँदै योग तथा आध्यात्मिक पर्यटनको हबको रूपमा नेपाललाई विकास गर्न यस्ता कार्यक्रमबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# कानुनमा सबै क्षेत्रको सुझाव समेट्छौँः मन्त्री

**रासस**
**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले विद्यमान ऐन, नियम तथा कानुनमाथि सबै क्षेत्र तथा नागरिकको सुझाव समेट्नका लागि मन्त्रालयले ‘डिजिटल प्लेटफर्म’ निर्माण गर्न लागेको बताएका छन् ।

शनिबार यहाँ आयोजित नेपाल वितरक महासङ्घको १२औँ वार्षिक साधारणसभा कार्यक्रममा बोल्दै मन्त्री गिरीले कानुनमा भएका व्यवस्थाका कारण कुनै पनि क्षेत्रलाई काम गर्न अप्ठ्यारो नहोस् भनेर सुझाव लिने संयन्त्र तयार पारिने बताएका हुन् ।

‘देशभित्र भएका नागरिकले जुनसुकै पेसा व्यवसाय अँगाल्दा कुनै ऐन अथवा कानुनले समस्या पारेको भए त्यसलाई सहज बनाउन राज्यको दायित्व हो । कानुनी बाधाका कारण कसैलाई अवसर सृजना भएनन् र अप्ठ्यारो पारेकम छ भने सुझाव दिन मन्त्रालयले डिजिटल प्लेटफर्म बनाउन लागेको छ’ मन्त्री गिरीले भने, ‘यसरी विभिन्न क्षेत्रबाट आएका सुझाव वर्गीकरण गरेर विद्यमान कानुनमा संशोधन तथा नयाँ कानुन निर्माण गर्न सम्बन्धित मन्त्रालयसँग छलफल गर्छौं ।’

नेपाल वितरक महासङ्घका अध्यक्ष हरिराज पन्तले विभिन्न कम्पनीबाट उत्पादित तथा आयातीत वस्तुलाई उपभोक्तासम्म पु¥याउने काम वितरकले गरिरहेका भए पनि विद्यमान वाणिज्य ऐनमा यस सम्बन्धी व्यवस्था नरहेको बताए ।

‘वितरकहरु विभिन्न ४२ जिल्लामा सङ्गठित नै भएर काम गरिरहेका छन् । नेपालको अर्थतन्त्रमा टेवा पु¥याउँदै आएको यो क्षेत्रलाई कानुनले भने चिन्दैन’, अध्यक्ष पन्तले भने, ‘विद्यमान वाणिज्य ऐनमा वितरकसम्बन्धी व्यवस्था नभएका कारण यो व्यवसायमा आबद्ध भएकाहरुले विभिन्न समस्या भोग्नु परेको छ ।

अवैधानिक भनेर जरिवाना तिर्नुपर्ने अवस्था छ । ढुवानीका सवारी साधन व्यवस्थापनमा उस्तै समस्या छ ।’ यस क्षेत्रका व्यवसायीप्रति राज्यले हेर्ने नजर सकारात्मक नरहेको उनको गुनासो छ ।

# पार्टीलाई बलियो बनाउन सबै एक हौँः देउवा



**रासस**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीलाई बलियो बनाउन सबै एक जुट हुन आवश्यक रहेको बताएका छन् ।

शनिबार काठमाडौँ निर्वाचन क्षेत्र नं २ मा पार्टीको क्षेत्रीय सम्मेलन तथा सांस्कृतिक कार्यक्रम उद्घाटन गर्दै उनले सबैलाई आपसी समझदारी र समन्वय कायम गर्दै अघि बढ्न आह्वान गरे । उनले आगामी निर्वाचनमा पार्टीले बहुमत ल्याउने गरी तयारी गर्न र त्यसतर्फ एकजुट भइ लाग्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए ।

‘आगामी निर्वाचनमा कांग्रेसले बहुमत ल्याउने गरी काम गर्नु अहिलेको आवश्यकता हो, त्यसतर्फ पार्टीका सबै साथीहरु एक भएर लाग्नुपर्छ । आपसी समझदारी र समन्वय कायम गर्दै अघि बढ्न जरुरी छ’ उनले ‘घात अन्र्तघात नगरी पार्टी निर्माणमा सबै एकजुट हौँ ।’ त्यसअवसरमा सो पार्टीका प्रवक्ता तथा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले नेपाली कांग्रेसले अब स्थिरताको बाटो खोज्नुपर्नेमा जोड दिए ।

‘नेपाली कांग्रेसकै अगुवाइमा जनता र देशप्रति समर्पित भइ काम गर्नका लागि स्थिरता र विकासको बोटो खोज्नु आवश्यक छ’ उनले भने, ‘आर्थिक वृद्धिसहित समानतामुलक समाज निर्माण गर्ने हाम्रो सङ्कल्प हो ।’

# स्वदेशी उत्पादन उपभोग गर्नुपर्नेमा जोड

**रासस**
**काठमाडौं ।**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वदेशी वस्तुमा आधारित उत्पादन उपभोग गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय उद्यम विकास सहजकर्ता महासङ्घ नेपालको काठमाडौँमा आयोजित दोस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन कार्यक्रममा शनिबार उनले स्वदेशी वस्तुमा आधारित उत्पादनलाई सरकारले प्राथमिकता दिएको उल्लेख गर्दै नेपाली उत्पादन उपभोग गर्नुपर्नेमा जोड दिएका हुन् । उनले स्वदेशी वस्तु उत्पादनमा सरकाले सहुलियत प्रदान गर्ने पनि बताए ।

विश्व बजारमा नेपाली उत्पादनको बजारीकरण गर्नुपर्नेमा जोड दिँदै उनले तीनै तहका सरकारको समन्वय जरुरी रहेको औँल्याए । मन्त्री भण्डारीले रुग्ण उद्योग सञ्चालनका लागि सरकार लागिपरेको उल्लेख गरे । अन्यत्र देशबाट कच्चा पदार्थ ल्याएर बजारमा प्रतिस्पर्धा गर्न नसकिने उल्लेख गर्दै उनले स्वदेशी स्रोत साधनमा आधारित उद्योग नै हाम्रा लागि उपयुक्त हुने बताए । उनले युवाहरूको उद्यमशीलताका लागि उद्योग मन्त्रालय हरसम्भव सहयोगका लागि तत्पर रहेको बताए ।

मन्त्री भण्डारीले स्थानीय तहलाई मजबुत बनाएर स्थानीय उत्पादन बढाउन केन्द्र सरकारले जोड दिनुपर्ने बताए । उनले सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारका कानुनसित नबाँझिने गरेर कार्यविधि बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए । उनले भने, 'नेपालका उद्योगमा विदेशी जनशक्ति छन्, हाम्रो जनशक्तिले तालिम नलिएका पनि छैनन्, तालिमको सदुपयोग कसैले गरेका छैनन् । यस्तो अवस्थामा हामी दक्ष जनशक्ति उत्पादन गर्न सक्दैनौं, हाम्रा उत्पादनको बजार नभएको होइन, उत्पादनकोपनिकमीछ ।'

# सुडानको भोकमरीविरुद्ध डब्लुएफपीको चेतावनी

**सिन्हा**
**सुडान ।**

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले सुडानका जनताले सबै सम्भावित मानवीय कोरिडोरमार्फत सहायताको निरन्तर प्रवाह प्राप्त नगरेमा भोकमरीको सङ्कट अझ बढ्न सक्ने चेतावनी दिएको छ ।

डब्लुएफपीका सुडानस्थित प्रतिनिधि एडी रोवले भने 'यस्तो कमजोर अवस्थामा सुडानभरी भोकमरी कुपोषणको अकल्पनीय अवस्थाको सामना गर्नुपर्ने देखिएको छ ।'

चाडबाट मानवीय कोरिडोरको अस्थायी रोक, चलिरहेको लडाइँ, मानवीय कार्गोका लागि लामो निकासी प्रक्रियालगायतका अवरोध र सुरक्षा खतराहरूले मानवतावादीलाई सुडानमा आधारभूत खाद्यान्नको आवश्यकता पूरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न असम्भव बनाएको उनले उल्लेख गरे । रोवले खाना ढुवानीको लागि सबै कोरिडोरहरू खुला रहनु पर्ने बताउँदै चाडको आड्रेदेखि पश्चिम डार्फर राज्यसम्म चरम भोकमरीको अवस्था रहेको बताए ।

विश्व खाद्य कार्यक्रम र यसका साझेदारहरूलाई तत्काल सुरक्षा ग्यारेन्टी गरी डार्फर राज्यमा खाद्य आपूर्ति गर्नमा सहजता ल्याई अति समस्यामा परेका व्यक्तिलाई खाद्यान्न वितरण गर्न सकिने उनले बताए । विश्व खाद्य कार्यक्रमले डार्फरमा अति आवश्यक खाद्यान्न र पोषण आपूर्ति कार्यक्रम पुर्‍याएको छ । उत्तर, पश्चिम र मध्य डार्फरमा तीव्र भोकमरीको सामना गरिरहेका करिब दुई लाख ५० हजार मानिसहरूका लागि खाना र पोषण सहायता बोकेका दुईवटा मालवहाक गाडी मार्चको अन्त्यमा चाडबाट डार्फरतर्फ सीमा पार गरेका थिए । सुडानी बन्दरगाहका अधिकारीहरूले फेब्रुअरीमा चाडबाट मानवीय कोरिडोर अनुमति रद्द गरेपछि यी मार्गहरू पुनः खोली लामो वार्तापछि डार्फर पुगेर विश्व खाद्य कार्यक्रम सहयोगको यो पहिलो सीमापार प्रयास हो । संयुक्त राष्ट्रसङ्घका अनुसार सुडानको आधा जनसंख्या, लगभग दुई करोड ५० लाख मानिसहरूलाई मानवीय सहायता र सुरक्षा चाहिन्छ । लगभग एक करोड ८० लाख मानिसहरूले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन् ।

सन् २०२३ अप्रिल १५ देखि सुडानी सशस्त्र बल र अर्धसैनिक बलहरूबीच हिंसात्मक टकरावको सामना सुडानले गरेको छ । यसको परिणामस्वरूप ६३ लाख आन्तरिकसहित लगभग ८१ लाख व्यक्तिहरू विस्थापित भएका छन् । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले मार्चमा दिएको प्रतिवेदनमा द्वन्द्वले लगभग १३ हजार नौ सयको ज्यान लिएको जनाएको छ ।

# इजराइली सेनाद्वारा गाजाबाट बन्धकको शव बरामद



**एएफपी**
**जेरुसेलम ।**

इजराइली सेनाले शनिबार उसका सैनिकहरूले अक्टोबर ७ मा दक्षिणी इजराइली समुदायमाथि भएको आक्रमणका क्रममा प्यालेस्टिनी लडाकू समूह हमासद्वारा अपहृत एक बन्धकको शव बरामद गरेको बताएको छ ।

इलाद् काजिरको शव भेटिएपछि सेनाले युद्धका क्रममा गाजाबाट घर ल्याएको शवको संख्या १२ पुगेको छ । यद्यपि काजिरको मृत्युका लागि इजराइली अधिकारीहरूलाई दोष दिएकी उनकी बहिनीलाई कुनै सान्त्वना प्राप्त भएन ।

'इस्लामिक जिहादी लडाकू सङ्गठनद्वारा बन्दी बनाएर हत्या गरिएका अपहृत इलाद् काजिरको शव रातारात खान युनिसबाट उद्धार गरेर र इजराइली क्षेत्रमा ल्याइएको छ', सेनाले एक विज्ञप्तिमा भनेको छ ।

आक्रमणको समयमा ४७ वर्षीय काजिरलाई उनकी आमा हन्नासँगै निर ओज किबुत्ज समुदायबाट अपहरण गरिएको थियो । गाजा युद्धमा एक साताको युद्धविरामका क्रममा नोभेम्बर २४ मा उनलाई रिहा गरिएको थियो । सेनाका अनुसार काजिरका बुवा अब्राहम किबुत्जमा आक्रमणका क्रममा मारिएका थिए ।

उनकी बहिनी कार्मिट पाल्टी काजिरले आफ्नो फेसबुक पेजमा लेखेकी छन् 'इलाद्लाई निर ओजमा उनको घरबाट अपहरण गरिएको थियो ।' उनले आफ्नो दाजुको मृत्युका लागि इजराइली अधिकारीहरूलाई दोष दिँदै नयाँ युद्धविराम सम्झौतामा अधिकारीहरू सहमत भएको भए उनी जीवित फर्किने बताइन् ।

'हाम्रो नेतृत्व कायर छ र राजनीतिक विचारबाट प्रेरित छ, त्यसैले अहिलेसम्म सम्झौता हुन सकेको छैन' उनले लेखेकी छन्, 'प्रधानमन्त्री, युद्ध मन्त्रिमण्डल र गठबन्धनका सदस्यः आफूलाई ऐनामा हेर्नुहोस् र भन्नुहोस् तपाईंको हातले रगत बगेको छैन ।' उनको टिप्पणीले युद्ध सञ्चालनलाई लिएर प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको गठबन्धन सरकारमाथि बढ्दो दबाबलाई दर्शाउँछ । आइतबार गाजा युद्ध सुरु भएको छ महिना पुगेकाले वार्ताकारहरूले सप्ताहन्तमा कायरोमा युद्धविराम–बन्धक सम्झौतालाई नयाँ सिराबाट जोड दिने अपेक्षा गरिएको थियो ।

नोभेम्बरमा एक साताको युद्धविरामपछि पुनः सुरु भएको वार्तामा कुनै प्रगति भएको छैन । युद्धको प्रारम्भपछि एउटा मात्र यस्तो सम्झौता भएको थियो जसमा इजराइलद्वारा हिरासतमा लिइएका प्यालेस्टिनी कैदीहरूका लागि केही बन्धकको आदानप्रदान भएको थियो ।

अहिलेसम्मको सबैभन्दा रक्तपातपूर्ण गाजा युद्ध अक्टोबर ७ मा हमास लडाकूहरूले गाजामा अभूतपूर्व आक्रमणका साथ सुरु भएको हो । हमासको आक्रमणमा दक्षिणी इजराइलमा अधिकांश सर्वसाधारणसहित एक हजार एक सय ७० मानिसको मृत्यु भएको थियो । हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार हमासलाई निमिट्यान्न पार्ने वाचा गरेको इजराइलले हवाई, स्थल र समुद्रबाट लगातार बमबारी गरेको छ । इजराइली आक्रमणमा अहिलेसम्म अधकांश महिला तथा बालबालिकासहित ३३ हजार एक सय ३७ जनाको ज्यान गएको छ ।

# वैदेशिक रोजगारमा समस्या परेका १९२ जनालाई क्षतिपूर्ति



**रासस**
**तनहुँ ।**

वैदेशिक रोजगारीमा समस्यामा परेका तनहुँका एक सय ९२ जनाले क्षतिपूर्तिस्वरूप दुई करोड ३१ लाख रुपैयाँ भन्दा बढी राहत वितरण गरिएको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को पहलमा चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्यामा परेका उनीहरूले राहतस्वरूप उक्त रकम प्राप्त गरेका हुन् । वैदेशिक रोजगारीका क्रममा ठगी, मृत्यु, उद्धार तथा जालसाजीमा परेका उनीहरूले सामी कार्यक्रमको समन्वयमा उक्त रकम प्राप्त गरेको कार्यक्रम संयोजक लुना रानाले जानकारी दिइन् ।

उनका अनुसार व्यास नगरपालिकाका ६७ जनाले ६१ लाख ९१ हजार रुपैयाँ, भानु नगरपालिकाका १६ जनाले एक लाख २० हजार रुपैयाँ, शुक्लागण्डकी नगरपालिकाका १५ जनाले ११ लाख रुपैयाँ, म्याग्दे गाउँपालिकाका २२ जनाले ४५ लाख ५० हजार रुपैयाँ, भिमाद नगरपालिकाका २५ जनाले ६४ लाख ७९ हजार रुपैयाँ, बन्दीपुर गाउँपालिकाका ११ जनाले ३३ लाख रुपैयाँ, देवघाट गाउँपालिकाका ११ जनाले २१ लाख रुपैयाँ, आँबुखैरेनी गाउँपालिकाका चार जनाले ५० हजार रुपैयाँ, ऋषिङ गाउँपालिकाका १४ जनाले दुई लाख ५० हजार रुपैयाँ क्षतिपूर्ति पाएका छन् ।

तनहुँबाहेक अन्य ठाउँका सात जनाले २१ लाख रुपैयाँ क्षतिपूर्ति रकम पाएको संयोजक रानाले जानकारी दिइन् । जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा एक सय १८ ठगीका, १४ मृत्यु, छ जेल, १२ करार उल्लङ्घन, १४ उद्धार र ६३ अन्य उजुरी परेका थिए । रानाले भनिन्, 'आप्रवासन केन्द्रमा मुद्दा दर्ता भएपछि प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय तह लगायतको सहकार्यमा पीडित परिवारलाई क्षतिपूर्ति रकम प्रदान गर्न सकिएको हो ।' सामी कार्यक्रम सञ्चालन भएपछि वैदेशिक रोजगारमा जाने र रोजगारमा ठगिएका, मृत्यु भएकाले राहत रकम पाउँदा पीडित परिवारलाई सहज हुने गरेको उनको भनाइ छ ।

**छ हजार बढीलाई परामर्श**

कार्यक्रममार्फत हालसम्म छ हजार छ सय ९१ जनालाई परामर्श प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा जानुपूर्व सुरक्षित रुपमा जानका लागि सर्वसाधारणलाई आवश्यक परामर्श प्रदान गरिएको छ । रानाका अनुसार व्यासका एक हजार चार सय ५६, शुक्लागण्डकीका एक हजार ७३ तथा भानु नगरपालिकाका एक हजार १४, म्याग्देका पाँच सय १७, भिमादका छ सय ७१, बन्दीपुरका तीन सय १९, देवघाटका तीन सय चार, घिरिङका तीन सय ८३, ऋषिङका पाँच सय ५४ र आँबुखैरेनी गाउँपालिकाका तीन सय २० जनालाई परामर्श सेवा दिइएको छ ।

वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन विसं २०७६ मङ्सिर १ गतेदेखि जिल्लाका चार र गत वर्षदेखि थप तीन स्थानीय तहमा सामी कार्यक्रम सञ्चालित छ । जिल्लाका व्यास, भानु र शुक्लागण्डकी नगरपालिकाका साथै म्याग्दे, भिमाद, देवघाट र बन्दीपुर गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको छ । सामी कार्यक्रममार्फत विदेश जाने र विदेशबाट फर्किएका युवायुवतीलाई परामर्श सेवा प्रदान गर्ने गरिएकामा यो प्रभावकारी बनेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताए । उनले भने, 'सामी कार्यक्रमलाई अबको आर्थिक वर्षदेखि स्थानीय तहले सञ्चालन गर्नुपर्ने अवस्था आउन लागेको छ । यो कार्यक्रम निकै प्रभावकारी बनेकाले त्यसका लागि हामी तयार छौँ ।' गण्डकी प्रदेशका जिल्लामध्ये वैदेशिक रोजगारीमा जाने तनहुँ उच्च जिल्ला रहेको वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन यो कार्यक्रमले सहयोग पुगेको वैदेशिक रोजगार बोर्डका कार्यक्रम अधिकृत शैलेन्द्र मिश्रले बताए । उनका अनुसार चालु आव तनहुँबाट श्रम स्वीकृति लिएर विदेश जानेको संख्या १३ हजार नौ सय ५१ छ । त्यसमध्ये महिलाको संख्या एक हजार तीन सय ९० छ । उनले भने, 'गरिबी र वैदेशिक रोजगारमा आकर्षणले विदेश जानेको सङ्ख्या बढ्दो छ । यसलाई रोक्न सक्ने अवस्था छैन तर वैदेशिक रोजगारीमा जानुपूर्व आवश्यक सबै ज्ञान लिएर मात्रै जानुपर्छ । नत्रभने पछि समस्या आउन सक्छ ।'

# अन्तर्राष्ट्रिय पिस म्याराथनमा नेपाली धावकको वर्चस्व

**रासस**
**भैरहवा ।**

गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा सम्पन्न भएको अन्तर्राष्ट्रिय पिस म्याराथनको सबै पुरस्कार नेपाली धावकले जितेका छन् । नेपाल, चीन, पाकिस्तान र श्रीलङ्काका धावकहरू सहभागी म्याराथनमा पुरुषतर्फको म्याराथनको उपाधि बाग्लुङका तीर्थ पुनले जितेका छन् ।




पुनले निर्धारित ४२ दशमलव एक सय ९५ किलोमिटरको दूरी दुई घण्टा २० मिनेट ४९ सेकेन्डमा पार गर्दै स्वर्ण पदकसँगै नगद पाँच लाख रुपैयाँ प्राप्त गरे । सोही दूरी दुई घण्टा २१ मिनेट ११ सेकेन्डमा पार गर्दै नेपाली सेनाका खड्कबहादुर खड्काले द्वितीय स्थान हासिल गरे ।

उनले नगद तीन लाख रुपैयाँ पुरस्कार प्राप्त गरे । कर्णालीका दुर्गाबहादुर बुढाले दुई घण्टा २२ मिनेट ४६ सेकेन्डमा दूरी पार गर्दै तृतीय स्थान प्राप्त गरे । उनले दुई लाख रुपैयाँ प्राप्त गरे ।

प्रतियोगितामा अनिस थापा चौथो (एक लाख हजार रुपैयाँ), किरण बोगटी पाँचौँ (८० हजार रुपैयाँ), सुशीलकुमार शाही छैटौं (६० हजार रुपैयाँ), होमलाल श्रेष्ठ सातौँ (४० हजार रुपैयाँ), जुनेश खड्का आठौँ (२० हजार रुपैयाँ), राजन चौधरी नवौँ (१० हजार रुपैयाँ) र प्रकाश गैरेले दशौं स्थान (पाँच हजार रुपैयाँ) हासिल गरे ।

अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत महिलातर्फको २१ किलोमिटरको हाफ म्याराथनको उपाधि सन्तोषी श्रेष्ठले जितेकी छन् । श्रेष्ठले निर्धारित उक्त दूरी एक घण्टा १८ मिनेट ४५ सेकेन्डमा पूरा गर्दै उपाधि जितेकी हुन् । त्यस्तै, नेपाली सेनाकी पूर्णराज्यलक्ष्मी न्यौपानेले एक घण्टा १९ मिनेट २१ सेकेन्डमा दूरी पार गर्दै दोस्रो स्थान र एपिएफकी पुष्पा भण्डारीले एक घण्टा २५ मिनेट १४ सेकेन्ड लिँदै तेस्रो स्थान हासिल गरिन् ।

विजेता श्रेष्ठले दुई लाख रुपैयाँ, न्यौपानेले एक लाख ६० हजार रुपैयाँ तथा भण्डारीले एक लाख २० हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरे ।

पाँच किलोमिटरको विद्यालय छात्रातर्फ अरुणा चौधरी प्रथम, कुसुम ठगुना द्वितीय र भुमा चौधरी तृतीय हुन सफल भए । छात्रतर्फ उमेश बराई प्रथम, सन्देश पाण्डे द्वितीय र आशिषकुमार क्षेत्रीले तृतीय स्थान हासिल गरे ।

खुला पाँच किलोमिटर पुरुषतर्फ नागेश्वर ऐर प्रथम, अक्कलबहादुर पाल द्वितीय र गणेशसिंह राउत तृतीय भए । पाँच किलोमिटर दौडको महिलातर्फ सिर्जना पाण्डे प्रथम, आशा राउत द्वितीय र निर्मला केसी तृतीय भएका थिए । पाँच किलोमिटरको सबै विधामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः जनही १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

नेपाल ओलम्पिक कमिटीले बुद्ध जन्मस्थलमा सामान्य वाकाथुन हुँदै सुरु गरेको लुम्बिनी अन्तर्राष्ट्रिय म्याराथन भविष्यमा विश्वकै उत्कृष्ट म्याराथन हुने कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले बताए । लुम्बिनीमा आयोजना भएको अन्तर्राष्ट्रिय म्याराथनको छुट्टै महत्व रहेको जनाउँदै खेलका माध्यमबाट पर्यटन एवं लुम्बिनीको प्रवद्र्धन हुने उनको भनाइ छ ।

'यस पटकदेखि लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथनमा नेपाल ओलम्पिक कमिटीसँगै, नेपालस्थित चिनियाँ राजदूतावास, लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड र लुम्बिनी प्रदेश खेलकुद परिषद्ले पनि हातेमालो गरेको हुँदा म्याराथनको गरीमासँगै प्रचार पनि भएको छ', श्रेष्ठले भने । लुम्बिनी स्क्वायरबाट सुरु भई भैरहवासम्म आएर पुनः लुम्बिनी स्क्वायरमा आएर दौड टुङ्गिएको थियो । लुम्बिनीबाट भैरहवा एसओएससम्म र त्यहाँबाट पुनः लुम्बिनी पुगेर टुङ्गिने गरी लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथनको रुट तय भएको थियो । ४२ दशमलव एक सय ९५ मिटर दूरीको म्याराथनको दुरी प्रमाणीकरणका लागि अन्तर्राष्ट्रिय संस्था एम्स (एसोसिएसन अफ इन्टरनेसनल म्याराथुन एन्ड डिस्टेन्स रेसेज) का प्रतिनिधि आएर मापन गरेको थियो ।

आइएएफ (इन्टरनेसनल एथलेटिक्स फोरम) र एम्सले संयुक्त रुपमा प्रमाणपत्र दिएपछि अन्तर्राष्ट्रिय म्याराथनको क्यालेन्डरमा सूचीकृत भएको छ । लुम्बिनी म्याराथन प्रमाणीकरण भएसँगै नेपालमा अन्तर्राष्ट्रियस्तरमा मान्यता पाएको चारवटा म्याराथन भएका छन् । यसअघि काठमाडौं म्याराथन, पोखरा म्याराथन र नेपालगञ्ज म्याराथनले अन्तर्राष्ट्रिय म्याराथनको मान्यता पाइसकेका छन् ।

# घुम्ती शिविरमार्फत अपाङ्गता परिचयपत्र वितरण



रासस
म्याग्दी ।
म्याग्दीको धवलागिरि गाउँपालिकाले परिचयपत्र र सहायता सामग्री वितरण गर्न सञ्चालन गरेको घुम्ती शिविरबाट दुई सय सातजना अपाङ्गता भएका सर्वसाधारण लाभान्वित भएका छन् । यही चैत १९ देखि २३ गतेसम्म पाँचवटा वडामा आयोजना गरिएको घुम्ती शिविरमा ७७ जनालाई अपाङ्गता परिचयपत्र र एक सय ३० जनालाई सहायता सामग्री वितरण गरिएको हो । शारीरिक रुपमा अशक्त नागरिकको सहजताका लागि वडास्तरमा पुगेर परिचयपत्र र सहायता सामग्री वितरण गरिएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगरले जानकारी दिए । वडा २ मा पाँच, वडा नं ३ मा १४, वडा नं ४ मा १४, वडा नं ६ मा आठ र वडा नं ७ मा ३६ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । ९५ जना अपाङ्गलाई लट्ठी, पाँचजनालाई वैशाखी, नौजनालाई ब्लाइन्ड स्टिक (ह्वाइट क्यान), छ जनालाई कम्बोड कुर्ची र १५ जनालाई कम्मर पेटी उपलब्ध गराइएको उनले बताए । अर्को चरणमा ह्विल चियर प्रयोग गर्ने अपाङ्गता भएकालाई ह्विल चियर पनि वितरण गर्ने कार्यक्रम रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदीले बताए । गाउँपालिकाको कार्यालयमा पुगेर लिनुपर्ने सेवा सर्वसाधारणले वडामै सेवा पाउँदा सहज भएको बताएका छन् । गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगर, प्रमुख प्रशासकीय अधिकृत सुवेदी, बेनी अस्पतालका चिकित्सक डा रोशन आचार्य, वडाध्यक्ष, कार्यपालिका सदस्य, गाउँपालिकाका कर्मचारी देव पुन, स्वास्थ्य शाखाका सहसंयोजक अनिशा आचार्यले परिचयपत्र र सहायता सामग्री वितरण गरेका थिए । वडामै निवेदन सङ्कलन गरी अपाङ्गता समन्वय समितिको बैठक बसेर निर्णय गरी परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताए । गाउँपालिकाका उपाध्यक्ष पुनमगरले अशक्तहरुलाई झन्झटरहित तरिकाले परिचयपत्र उपलब्ध गराउन वडामा पुगेको बताए । अपाङ्गता भएका नागरिकहरुले परिचयपत्रका आधारमा सार्वजनिक यातायातलगायत क्षेत्रमा पाउनुपर्ने छुट सुविधा नपाएको विषयमा गाउँपालिकासँग गुनासो गरेका छन् ।

# सृजनाले रङ्गियो 'नेपाल–भारत सम्बन्ध'

रासस
काठमाडौं ।
काँकडभिट्टा बस्ने कलाकार तेतेन शेर्पा नेपाल र भारतमा कला सृजना गर्दै आएका छन् । उनी नेपाल र भारतका कलाकारका लागि सम्बन्ध सेतु नै बनेका छन् । बेलाबेलामा भारतमा जान्छन्, चित्र सृजना गर्छन्, फेरि नेपाल आउँछन् र सृजना गर्छन् । यसरी जाँदा आउँदा उनलाई नेपाल र भारतका भूगोल, संस्कृति, रहनसहन, मानिसको अनुहार, वेशभूषा एकै लाग्छन् । शेर्पाले भारतीय कलाकारसँगै काठमाडौं आएका बेला नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा जारी कला प्रदर्शनीका क्रममा 'सम्बन्ध' विषयमा चित्र सृजना गरे । उनले आफ्नो मावली घर भारतको दार्जिलिङ भएकाले मेची नदीलाई बीचमा पारेर दुई देशको दृश्य कैद गरी आपसी सम्बन्धलाई प्रस्तुत गरेका थिए । 'मैले दुई देशको सम्बन्ध देखाउन खोजेको हुँ । माओली घर भारतको दार्जिलिङ हो । त्यसैले मेचीलाई साक्षी राखेर नेपाल र भारतको दृश्यचित्र कैद गरेको छु', शेर्पाले भने । आफ्नो र मावली घरको सम्बन्ध कस्तो हुन्छ, त्यस्तै सम्बन्ध नेपाल र भारतबीचको छ भन्ने कुरा पस्कन खोजेको उनले बताए । कार्यशालामा अर्का कलाकार डिबी राईले कार्यक्रम अनुसार कै विषयमा चित्र सृजना गरे । उनले आदिवासी किराँत संस्कृतिलाई प्रस्तुत गरे ।

जुन नेपाल र भारतमा छ । राई लिम्बूको संस्कृति नेपाल र भारतको सिक्किम, दार्जिलिङमा पनि छ । खर्साङ कालिङपोङमा पनि उस्तै छ । उनले सृजनामा किराँतेश्वरको मूर्तिलाई आधार बनाएर 'फ्युजन' गर्न खोजेको बताए ।



राईले भने, 'एकै भाषा र संस्कृति भएपछि सम्बन्ध यसै बलियो हुने नै भयो, मेरो सृजनाले पनि त्यही भन्छ ।' अर्का कलाकार एनबी गुरुङले अमूर्त चित्र सृजना गरी दुई देशबीच सदिऔँदेखिको भाइचारा र आत्मिय सम्बन्धलाई प्रस्तुत गरे । भारतका कलाकारको नेतृत्व गर्दै आएकी दीपा राईले महिलालाई विम्ब बनाएर दुई देशको आपसी भाइचाराको सम्बन्धलाई प्रस्तुत गरिन् । कार्यशालामा सम्बन्धलाई फरकफरक दृष्टिकोणबाट भारतीय कलाकारहरु पासाङ शेर्पा, कमल खालिङ, धीरज प्रधान, सागर सुब्बा, विमला प्रधान, विके सुब्बा, कृष्ण राई, छेन्डुप लेप्चा, विकास सुब्बा, टीका प्रधान, रिचर्ड जी लेप्चा, टेसेटेन शेर्पाले जलरङका माध्यमबाट क्यान्भास सजाए । उनीहरुलाई नेपाली कलाकारले साथ दिए । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले काठमाडौंमा नेपाल र भारतका कलाकारको सहभागितामा सम्बन्ध शीर्षकमा तीनदिने कला कार्यशाला र प्रदर्शनी आयोजना गरेको छ । कार्यशालाका क्रममा शनिबार कलाकारहरु भक्तपुरको दरबार स्क्वायर क्षेत्रमा पुगेका छन् । कला र सृजनाका माध्यमबाट दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताए । उनले कलाको भाषा वा सीमा नहुने अमूर्त सम्बन्ध जस्तै हुने बताए । हार्तम्छालीले सृजनालाई राजनीतिक सीमाले कहिल्यै नछेक्ने हुँदा सृजनाको भाषा विश्वमै अब्बल हुने बताए । उनका अनुसार कार्यशाला र प्रदर्शनीमा १३ भारतीय र २२ नेपाली कलाकार सहभागी छन् । उनीहरुले बनाएका सृजनाहरु नक्सालमा शनिबार पनि प्रदर्शन भएको छ । मुख्यगरी भारतको सिक्किम, दार्जिलिङ र कालिङपोङका कलाकार यहाँ आएका छन् ।

# चन्दननाथमा १५ शय्याको आयुर्वेद अस्पताल बनाइने

रासस
जुम्ला ।
जुम्लाको चन्दननाथ नगरपालिका–१० स्थित बोहोरा गाउँमा रु १२ करोडको लागतमा १५ शय्याको आयुर्वेद अस्पताल निर्माण हुने भएको छ । कर्णाली प्रदेशअन्तर्गतको आयुर्वेद स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्न स्रोत सुनिश्चित गरी ठेक्का आह्वान भएपछि अस्पताल निर्माणको काम अगाडि बढेको चन्दननाथ नगरपालिका प्रमुख राजुसिंह कठायतले बताए । आयुर्वेद स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्न सङ्घीय सरकारले बजेट विनियोजन गरेकाले अब ठेकेदार चयनलगायत प्रक्रिया शीघ्र पूरा गरेर निर्माण थालिने उनले जानकारी दिए । अस्पताल भवन बहुवर्षीय ठेक्कामा बनाइने छ । नगरप्रमुख कठायतका अनुसार भवनका लागि चालु आर्थिक वर्षमा तीन करोड बजेट विनियोजन भएको छ । बहुवर्षीय ठेक्काको अवधि बढीमा तीन वर्षको हुनेछ ।

# बारीमा तरकारी, घरमै रोजगारी

रासस
राँझा ।
बाँकेको राप्ती सोनारी गाउँपालिका–५ बिनौना ललहीका ४५ वर्षीय टेकराज थारुको दैनिकी तरकारी गोडमेल र स्याहारसुसारमै बित्ने गर्दछ । उनको आम्दानीको स्रोत नै खेतबारी हो । टेकराजका धेरै साथीहरु रोजगारीका लागि विदेश पुगेका छन्, कतिपय साथी मजदुरी गर्न नेपालगञ्जमा भौँतारिरहेका छन् । उनले भने तरकारी खेती छोडेर रोजगारी गर्नेतिर कहिल्यै सोचेनन् । 'मेरो जागिर भने पनि रोजगारी भने पनि यही तरकारी खेती हो । बिहानदेखि साँझसम्म यहीँ काम गर्छु', आफूले गरेको तरकारीखेती देखाउँदै टेकराजले भने, 'आफ्नो घरमा बसेर तरकारीखेती गर्दै आएको छु कुनै सिजनमा सोचेभन्दा राम्रो आम्दानी हुन्छ, कहिले अलि थोरै हुन्छ ।' टेकराजले आफूसँगै घरपरिवारका सदस्यहरुलाई पनि तरकारीखेतीको काममा लगाउने गरेका छन् । तरकारीखेतीबाटै जीवन निर्वाह गर्दै आएका उनले वार्षिक करिब १० देखि १२ लाख रुपैयाँसम्म कमाई गर्ने गरेको बताए । व्यावसायिक तरकारीखेतीमा दैनिक श्रम गर्ने उनलाई आफ्नै खेतबारीमै



विदेशमा पाइनेभन्दा उत्तम रोजगारी मिलेको अनुभूति हुन्छ । विगतमा उनी निर्वाहमुखी खेती गर्दै आएपनि पछिल्लो एक दशकदेखि व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । बाह्रैमास उनको खेतबारी हराभरा देखिन्छ । मौसमी र बेमौसमी तरकारीखेती गर्ने उनको दैनिकी पनि निकै व्यस्त हुन्छ । 'परिवारसँगै हाँसीखेली काम गर्न पाइएको छ, परिवारमा दुःख पर्दा सहयोग हुन्छ', टेकराजले भने, 'कोही बिरामी पर्दा विदेशबाट भनेकै बेला सहयोग गर्न घर आउँछु भन्न पाइँदैन, सबै परिवार घरमै हुँदा एकअर्कालाई पनि निकै सहयोग पुगेको छ ।' अहिले उनको खेतबारीमा काँक्रा, गोलभेँडा, फर्सी, खुर्सानीलगायत तरकारी बिक्री गर्ने अवस्थामा छन् भने घिरौँला, तोराय, लौका, तर्भुजलगायत तरकारी तयार हुँदै गएका छन् । रोजगारीको खोजीमा युवा जनशक्ति विदेश पलायन बढ्दो छ । स्वदेशमा रोजगारीको सम्भावना नभएको भन्दै विदेश पस्ने युवाका लागि टेकराज प्रेरणाको स्रोत बनेका छन् । उत्पादित कृषि उपज घरबाटै बिक्री हुने गरेको उनले बताए ।

'मेहेनत र काम गर्ने इच्छा शक्ति हुने हो भने पैसा कमाउन विदेश नै जानुपर्दैन । यहाँ पनि सम्भावना छन् । मेहेनत गर्न सके बाँझो रहेको जग्गाबाटै लाखौं आम्दानी गर्न सकिन्छ', टेकराजले भने, 'धनआर्जनका लागि सरकारी जागीर खानैपर्छ वा विदेश पुग्नुपर्छ भन्ने सोच मसँग छैन ।' बारीमा तरकारी रोपेर पनि स्वरोजगार बन्न सकिने भन्दै उनले यसमा सरकारले प्रोत्साहन गर्न जरुरी रहेकामा जोड दिए । विगतमा गहुँ, मकै लगाउने जग्गामा टेकराजले अहिले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएका छन् । परिवारका लागि मुख्य आयस्रोत भनेकै तरकारी खेती हो ।

'विदेश बसेर भन्दा घरमा बसेर तरकारी खेती गर्दा आनन्द छ । परिवारसँग बस्न पाइएको छ, खान पाइएको छ, मेहेनत गरे घरमै बसेर तरकारी खेतीबाट पनि राम्रो आम्दानी गर्न सकिन्छ', टेकराजले भने, 'विदेशमा पसिना बगाएर कमाएको पैसा घरखर्च मै सकिने हुन्छ, तरकारी खेती गरेर वर्षमा लाख रुपैयाँ बचत हुँदा किन विदेश गएर पैसा कमाउने सपना देख्ने ? विदेशमा पनि रुखमा पैसा फल्ने होइन, जहाँ गरिने दुःख गर्नैपर्ने हो ।'

टेकराजको तरकारीखेती देखेर अहिले ललही गाउँका अन्य किसान पनि व्यावसायिक तरकारीखेतीतर्फ आकर्षित हुन थालेका छन् । रोजगारीका लागि विदेश नै पुग्नुपर्छ भन्ने मानसिकता युवा पुस्ताले हटाउनुपर्ने अर्का कृषक मधु थारुले बताए । राप्ती सोनारी गाउँपालिकाले किसानलाई बगरखेतीतर्फ आकर्षित गर्न अनुदान कार्यक्रम ल्याएको छ । बगरखेती गर्ने किसानलाई पाँच लाख रुपैयाँ सम्मको अनुदान दिने कार्यक्रम रहेको गाउँपालिका कृषि शाखा प्रमुख चन्द्राकुमारी शाहीले जानकारी दिइन् । उनका अनुसार यो वर्ष राप्ती सोनारी–५ बिनौनास्थित ललही टेकराज थारुको बगरखेती समूह र वडा नं १ का बगरखेती कृषक मानबहादुर रानामगरलाई पाँच लाख रुपैयाँ बराबरको अनुदानको सम्झौता गरिएको छ । बगरखेतीतर्फ किसानलाई आकर्षित गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले बताए । उनले बगरखेती किसानले उत्पादन गरेको कृषि उपजलाई बजारीकरणका लागि समेत गाउँपालिकाले आवश्यक पहल गर्ने उल्लेख गरे ।

# महिलाको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनेबारे सम्मेलन

रासस
काठमाडौं ।
महिलाको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन नेपालमा स्त्रीरोग विशेषज्ञ जुटेका छन् । 'स्त्रीरोग विशेषज्ञ समाज'को १७औँ राष्ट्रिय सम्मेलनमा नेपालसहित विदेशका करिब पाँच सय चिकित्सक सहभागी भई नेपालका महिलाको स्वास्थ्य सेवा गुणस्तर बनाउन जुटेका हुन् ।

सम्मेलनमा विदेशबाट आएका चिकित्सकले नेपालका महिलाको स्वास्थ्यका क्षेत्रमा कसरी गुणस्तरीय सेवा प्रदान गर्न सकिन्छ भन्ने सीप सिकाउने समाजका अध्यक्ष डा सरोजा कार्की पाण्डेले बताइन् । कार्यक्रममा सांसद डा चन्दा कार्कीले सम्मेलनले महिलाको स्वास्थ्यको क्षेत्रमा गरिएका अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा महिलालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेबारे ज्ञान पुग्ने बताइन् । उनले सम्मेलनमा महिलाको स्वास्थ्य उपचारका लागि अपनाइने नयाँनयाँ प्रविधिका बारेमा छलफल हुने भन्दै ती प्रविधि नेपालमा भित्र्याउनुपर्नेमा जोड दिइन् ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्रले समाजले महिलाको स्वास्थ्य क्षेत्रमा गरेका कामको सराहना गरिन् । समाजले यस क्षेत्रमा उपलब्धि हासिल गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने उनको भनाइ छ ।

डा मिश्रले महिलाको स्वास्थ्यको तथ्याङ्कले नेपालले केही प्रगति गरे पनि अझै गर्नुपर्ने भन्दै सरकारले महिलाको स्वास्थ्यलाई प्राथमिकता राखेको बताइन् । उनले गरिबी, विपन्न वर्गसम्म महिला स्वास्थ्यको पहुँच बढाउन आवश्यक रहेको बताइन् । समाजका पूर्वअध्यक्ष डा लक्ष्मी नानी श्रेष्ठले दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि महिलाको स्वास्थ्यमा सुधारमा आउनुपर्ने बताइन् । सम्मेलनमा विदेशी चिकित्सकले नेपालमा महिलाका स्वास्थ्यमा गरेका अध्ययन अनुसन्धानबारे पनि छलफल गरिने छ । समाजका अध्यक्ष डा पाण्डेले नेपालको महिलाको स्वास्थ्यमा सुधार आए पनि अझै सुधार गर्नका लागि सम्मेलन फलदायी हुने विश्वास व्यक्त गरिन् । उनका अनुसार नेपालमा एक लाख जीवित जन्ममा सन् १९९६ मा ६ सय ३९ मातृ मृत्युदर रहेकामा सन् २०२२ मा उक्त दर घटेर एक सय ५१ मा झरेको छ ।

'अझै पनि महिलाको स्वास्थ्यमा गुणस्तरीय सेवा पुर्याउन सकिएको छैन', डा पाण्डेले भनिन्, 'हामीले सिकेका तालिम फरक हुन्छन् । नयाँ र आधुनिक तालिम सबै चिकित्सकले प्राप्त गर्न सकेका छैनन् ।' उनले चिकित्सक विदेशिएकाले पनि अहिले 'भइरहेका चिकित्सक र बिरामीको अनुपातमा धेरै फरक देखिएको भन्दै गुणस्तरीय स्वास्थ्य प्रदान गर्न समस्या भइरहेको बताइन् । समाजका अध्यक्ष डा पाण्डेका अनुसार सम्मेलनमा महिला स्वास्थ्यसम्बन्धी कार्यपत्र प्रस्तुत गरिने छ भने वरिष्ठ चिकित्सकले कनिष्ठ चिकित्सकलाई आफूले जानेको कुरा सिकाउने छन् । सम्मेलनमा भारत, श्रीलङ्का, बङ्गलादेश, अमेरिका, अष्ट्रेलियालगायत देशका स्त्री रोग विशेषज्ञको सहभागिता छ ।

# मधेशमाथि अन्याय अझै कायमः ठाकुर



**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरले मुलुकमा मधेशमाथिको अन्याय अझै कायम रहेको बताएका छन् ।

महोत्तरीको मटिहानीमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले सरकारले मधेशमाथि विभेद कायम राखेको र अदालतले पनि न्याय नगरेको गुनासो गरे । धेरै जनसंख्या रहेको मधेश प्रदेशमा कम बजेट दिनु र निर्वाचन क्षेत्र कम बनाउनु मधेशमाथिको विभेदको उदाहरण भएको उनको भनाइ छ ।

'आधा भन्दा बढी जनसंख्या भएपनि १ सय ६५ मध्ये सुरुमा ६५ सिट मात्रै दिइएको थियो तर हामीहरुकै आन्दोलनका कारण अहिले त्यो संख्या ७९ पुगेको छ, जबकी हाम्रो माग ८२ सिट रहेको छ', ठाकुरले भने ।

देशको लगभग ५१ प्रतिशत जनसंख्या मधेशमा रहेको भन्दै अध्यक्ष ठाकुरले मधेशवासीको प्रतिनिधित्व मधेश प्रदेशले मात्रै गर्न नसक्ने दाबी गरे । लोसपा अध्यक्ष ठाकुरले नेपालको इतिहास नै हत्या हिंसाले भरिएको भन्दै मधेशमा शान्तिपूर्ण संघर्ष गर्दा गोली र लठ्ठी खानु परेको गुनासो गरे ।

# शासकहरूले बनाएको माहौलले जनता निराशः साह

**संजय मिश्रा**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले नेपालमा शासकहरूले बनाएको माहौलले जनताहरू चिन्तित भएको बताएका छन् । शनिबार काठमाडौँमा आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै उनले नेपालमा भविष्य के हुने हो भन्नेमा जनताहरु निराश रहेको बताए । सम्बोधनको क्रममा अध्यक्ष साहले कवाडीलाई अनावश्यक दुख नदिन सरकारलाई आग्रह गरेका छन् । काठमाडौँ महानगरपालिकाले कवाडीहरूलाई राजधानीमा दुख दिने गरेको र त्यसलाई रोक्नुपर्ने उनको भनाई थियो । उनले कवाडीमाथि एक्स्काभेटर नचलाउन महानगरपालिकाका मेयर बालेन साहलाई आग्रह गरे । उनले भने, 'कवाडीमाथि एक्स्काभेटर चलाउन रोकिएन भने प्रभु साहले महानगरपालिकाको प्रहरीमाथि पनि एक्स्काभेटर चलाउँछ । त्यसको लागि म गृहमन्त्री र प्रधानमन्त्रीलाई चेतावनी दिन चाहन्छु ।' अब आफूमाथि हुने कुनै पनि पीडा सहेर कोही बस्दैन भन्दै अध्यक्ष साहले कवाडीहरूलाई रक्षा गर्न प्रधानमन्त्री र गृहमन्त्रीलाई आग्रह गरे ।

अध्यक्ष साहले भने, 'अहिलेको सरकारले गरिब र निमुखालाई मात्र दुःख दिने गरेको छ, अब गरिब चुप लागेर बस्दैन ।' देश विदेशीहरूको क्रिडास्थलको रूपमा परिणत भएको दाबी गर्दै उनले जुनसुकै सरकार बन्दा यो फलानो देशले बनाएको सरकार हो, त्यो फलानो देशले बनाएको सरकार हो भन्दै टिप्पणी हुने गरेको बताए । उनले विदेश हस्तक्षेपलाई रोक्न पनि आग्रह गरे ।

सम्बोधनकाबीच आजपा अध्यक्ष प्रभु साहले पार्टीको तर्फबाट तेस्रो जनआन्दोलनको घोषणा गरेका छन् । साहले पहिलो जनआन्दोलनले नेपालबाट पञ्चायती व्यवस्था खारेज गरेको, दोस्रो जनआन्दोलनले नेपालबाट राजतन्त्रको अन्त्य गरेको भन्दै तेस्रो जनआन्दोलनले लुटकारी दलतन्त्रको अन्त्य गर्ने बताए । उनले अहिलेका व्यवस्थालाई लुटकारी व्यवस्थाको संज्ञा दिँदै नेपालको समृद्धिको लागि अहिलेको व्यवस्था अन्त्य गर्न जरुरी रहेकाले तेस्रो जनआन्दोलन सुरु गर्नुपरेको जिकिर गरे । उनले भने, 'पहिलो जनआन्दोलनले नेपालबाट पञ्चायती व्यवस्था खारेज गरेको थियो । दोस्रो जनआन्दोलनले नेपालबाट निरङ्कुश राजतन्त्रको अन्त्य गर्‍यो, आज तेस्रो जनआन्दोलनको उद्घोष हो । आज नेपालमा लुटकारी जो दलतन्त्र छ, यसको अन्त्यको लागि आज उद्घोषको दिन हो । म यस सभामार्फत नयाँ तेस्रो जनआन्दोलनको उद्घोष गर्न चाहन्छु ।

तपाईँहरूलाई साक्षी राखेर आम नेपाली जनतालाई साक्षी राखेर हामी भन्न चाहन्छौँ, नेपालको समृद्धिको लागि अहिलेको लुटकारी व्यवस्था अन्त्य गर्नुपर्छ, यसको एउटा ऐतिहासिक दिनको आजको सुरुवात हो । तेस्रो जनआन्दोलनको आज उद्घोष गर्न चाहन्छु । जन आन्दोलन जनता र पार्टीहरू मिलेर गरेका थिए । तर आज तपाईं हेर्नुहुन्छ भने पार्टीका नेताहरू आफ्नो तीन पुस्तालाई पुग्ने गरी आफ्नो अधिकार, आफ्नो अस्तित्वलाई सुनिश्चित गर्ने गरी व्यवस्थामा बेइमानी गरे । जनता निरीह र लाचार जस्तो हुने र प्रमुख पार्टीहरू सिन्डिकेट बनाएर देशमा पार्टीको सिन्डिकेट, गुटको र गुट भित्र पनि नेताको हालीमुहाली ठुलो नेताको आसेपासेले मोज गर्ने र जनता लाचार भएर बस्ने लोकतन्त्र हामीलाई चाहिएको छैन । चोर नेताका कारण, जनताप्रति घात गरेका कारण नेताका लागि आज लोकतन्त्र भयो, पार्टीको लागि लोकतन्त्र भयो, जनता जहाँको त्यहीँ छन् । त्यसलाई सच्याउन हामीले तेस्रो जनआन्दोलनको उद्घोष गरेका छौँ ।'




# राजेन्द्र महतोको प्रदर्शनमा झडप




**मधेशदृष्टि**
**काठमाडौँ ।**
राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्तिले काठमाडौँमा गरेको प्रदर्शनमा झडप भएको छ ।
बिहीबार प्रदर्शनका क्रममा भएको झडपमा २७ जना घाइते भएका छन् । झडपमा परी प्रहरी जवान रामसिंह बोहरा गम्भीर घाइते भएका छन् । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नवराज अधिकारीले निषेधित क्षेत्र तोड्न खोज्ने प्रदर्शनकारीलाई रोक्न खोज्दा प्रहरी जवान घाइते भएको बताए ।

गम्भीर घाइते भएका प्रहरी जवान बोहराको अन्नपूर्ण न्यूरो अस्पतालमा उपचार गरी थप उपचारका लागि नेपाल प्रहरीको अस्पतालमा राखिएको छ ।

बाँकी घाइतेहरुको उपचार राजधानीको मेडिकेयर, ट्रमा सेन्टर र वीर अस्पतालमा भइरहेको छ । झडपमा प्रदर्शनकारीले ढुङ्गामुढा प्रहार गरेको प्रहरीले जनाएको छ । झपडमा प्रदर्शनकारीतर्फका १२ जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# कुखुरा व्यवसायीको समस्या समाधान गर्न पहल गर्छुः मन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहले बाराका कुखुरा व्यवसायीहरूले भोग्दै आएको समस्या समाधान गर्न पहल गर्ने बताएकी छन् ।
शनिबार बाराको सदरमुकाम कलैयामा चौथो जिल्ला अधिवेशनको उद्घाटन गर्दै मन्त्री साहले कुखुरा व्यवसायीहरूले नेपाल र भारतको बोर्डरमा भोग्दै आएका समस्या समाधान गर्न आफु अग्रसर हुने बताइन् । कुखुराको उचित बजारीकरण नहुँदा व्यवसायीहरू मारमा परिरहेको अवस्थालाई दृष्टिगत गरेको जानकारी दिँदै मन्त्री साहले चाँडै बजारीकरणको व्यवस्था सरकारले गर्ने बताइन् ।
बिना लगानीका बिचौलिया धनी बन्दै गएको तथा दाना, चल्ला, महँगोमा ल्याउनुपर्ने, उत्पादित कुखुरा सस्तोमा बिक्री गर्नुपर्ने भएकाले व्यवसायीहरूलाई धेरै समस्या रहेको संघका अध्यक्ष गोविन्द पौडेलले बताए । हाल संघमा ३ सय ७० जना सदस्य रहेको बारा कुखुरा व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष कुन्दन घिमिरेले बताए ।

# भ्रष्टाचार र बेथितिबारे नेविसंघले खबरदारी गर्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बिन्दवासिनी गाउँपालिकाको कार्यालयमा भ्रष्टचार र बेथिती मौलाएको भन्दै त्यसलाई रोक्न नेपाली कांग्रेसको भातृ संस्था नेविसंघले खबरदारी गर्ने भएको छ । शनिबार बहुअर्वाभाठामा बसेको नेविसंघको गाउँपालिका ईकाइ समितिको बैठकले पालिकामा भइरहेको भ्रष्टचार र बेथिती विरुद्ध खबरदारी लगाययतका दबाबमुलक कार्यक्रम गर्ने निर्णय गरेको नेविसंघका अध्यक्ष विकास पटेलले बताए । बैठकले सुरुमा गाउँपालिका कार्यालयले दिने शिक्षा क्षेत्रसँगै अन्य सेवा सुविधा र भइरहेका विकास निर्माणका कामहरुको लिखित रुपमै सूचना माग्ने र गाउँपालिका कार्यालयले सूचना दिन आलटाल गरेर चरणबद्ध रुपमा खबरदारी लगायतका दबाब मुलुक आन्दोलनका कार्यक्रम गर्ने निर्णय गरेको बैठकमा सहभागी नेविसंघका जिल्ला सचिव सुधांशु चौरसियाले जानकारी दिए । अध्यक्ष पटेलको अध्यक्षता र जिल्ला सचिव चौरसियाको विशेष उपस्थितिमा बसेको बैठकमा नेविसंघका नेता कार्यकर्ताहरुको सहभागिता थियो ।

# रास्वपाको मधेश प्रदेश सदस्यमा पन्त

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को मधेश प्रदेश सदस्यमा वीरगंजका होटल व्यवसायी हरि पन्त निर्वाचित भएका छन् । पर्साको विन्दबासिनी मन्दिरको सभाहलमा शुक्रबार राति मधेश प्रदेशको पर्सामा रिक्त दुई सदस्य पदका लागि भएको निर्वाचनमा होटल तथा पर्यटन व्यवसायी वीरगंजका अध्यक्ष समेत रहेका पन्त र सुदिश प्रजापति निर्वाचित भएका हुन् । दुई सदस्य पदका लागि चुनावी प्रतिस्पर्धामा पन्त, प्रजापतिसँगै दिप राज पटेल, मुर्ली जलान, राम सुन्दर आर्य सहित ८ जना थिए । २८ जना कूल मतदाता रहेकोमा मतदानमा भने २५ मत मात्रै खसेको थियो । त्यसमा पन्त १७ मतका साथ र प्रजापति १० मत प्राप्त गरी मधेश प्रदेश सदस्यामा निर्वाचित भएका हुन् । दिप राज पटेलले भने ९ मत, मुर्ली जलानले ६ मत र रामसुन्दर आर्यले ४ मतमात्रै प्राप्त गरे ।

# महिलाका नाममा साना उद्योग दर्ता बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा महिलालाई मुख्य सञ्चालक बनाएर साना उद्योग दर्ता गर्ने क्रम बढेको छ । सरकारले महिला सञ्चालक भएका उद्योग दर्तामा ३५ प्रतिशतमात्र दस्तुर लाग्ने व्यवस्था गरेपछि उद्योग दर्ता बढेको हो । दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग दर्ता हुने गरेकामा करिब ७० प्रतिशत व्यापार महिलाकै नाममा दर्ता हुने गरेको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख धनञ्जयकुमार सिंहले बताए । उनका अनुसार चालु आर्थिक वर्षको आठ महिनामा पर्सामा छ सय ७३ नयाँ उद्योग दर्ता भएकामा तीमध्ये दुई सय ९९ व्यवसायका सञ्चालक महिला छन् । महिलाका नाममा दर्ता भएका व्यवसायमा सिलाइकटाइ, ब्युटीपार्लर छन् भने उद्योगतर्फ कृषि, माछा तथा पशुपालन छन् । नयाँ दर्ता भएका उद्योगमा एक हजार सात सय नौ जना पुरुष र एक हजार दुई सय ८० जना महिलाले रोजगारी पाएका कार्यालयले जनाएको छ । आठ महिनमा १६ वटा उद्योगको नाम संशोधन, ३७ वटाको नामसारी, २५ वटाको ठाउँ सारी, पाँच वटा उद्योगको वातावरण परीक्षण, एक सय २५ वटा उद्योगको पुँजीवृद्धि गरिएको छ । सो अवधिमा सात सय २६ वटा उद्योगको नवीकरण, ७९ वटाको लगत कट्टा, छ वटाको शाखा विस्तार तथा ३३ वटा उद्योगको उद्देश्य थप गरिएको छ । नयाँ उद्योग दर्ता, नवीकरणलगायत सेवा प्रवाहबाट राज्यकोषमा ५४ लाख १९ हजार ७५ रुपैयाँ राजस्व दाखिला भएको छ ।

# जनकपुरधाममा विशाल सत्संग



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
श्री श्री ठाकुर अनुकुल चन्द्र जीको विशाल सत्संग समपन्न भएको छ । शनिबार जनकपुरधामको कोरामबहादुर साह धर्मशालामा आयोजना गरिएको सत्संगमा एसपीआर प्रदीपकुमार सिंह, एसपीआर अशोककुमार चौरसियाले ठाकुर अनुकुल चन्द्रको जीवनीबारे प्रवचन दिएका थिए । सत्संगका वक्ताहरुले आफु बचाउनु र अरुलाई बचाउनु नै साँचो धर्म भएको बताएका थिए । सत्य, अहिंसा, सदाचार, आचरण र विचारलाई जीवनमा ग्रहण गर्नुपर्नेमा प्रवचनकर्ताहरुले जोड दिएका थिए । प्रवचनकर्ता चौरसियाले भने, 'गुरुले दिएको दीक्षा पालन गर्नु हरेक सत्संगीको कर्तव्य हो ।' सत्संगमा सांगीतिक गुरु बाणीले सम्पूर्ण वातावरण भक्तिमय बनेको थियो । विशाल सत्संगमा रामकिशोर साह, दुखरण साह, गोपाल साह, अशोक साह, ममता माँ, रञ्जिता माँ, रीना मा लगायत सत्संगीहरुको विशेष योगदान रहेको थियो । सत्संगको अवसरमा विशाल भंडाराको आयोजन समेत गरिएको थियो ।

# बाराले जित्यो टी–२० मेयर कपको उपाधि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दोस्रो टी–२० मेयर कप २०८० को उपाधि बाराले जितेको छ ।
जनकपुरधाम उपमहानगरपालिकाको आयोजना, क्यानको सहकार्य तथा जिल्ला क्रिकेट सङ्घको संयोजनमा जनकपुरधामको निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालामा भएको फाइनल खेलमा पहिले ब्याटिङ गरेको बारा क्रिकेट टिमले निर्धारित २० ओभरमा १ सय ४ रन बनायो । १ सय ५ रनको लक्ष्यसहित जबाफी ब्याटिङ गरेको धनुषा क्रिकेट टिमले सबै विकेट गुमाएर मात्र ९५ रन बनाउन सक्यो ।
उपाधि विजेता बनेको बाराले नगद २ लाख ५१ हजार रुपैयाँसहित ट्रफि, मेडल तथा प्रमाणपत्र तथा उपविजेता धनुषाले नगद १ लाख ५१ हजार रुपैयाँसहित ट्रफि, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो । यसैगरी प्रतियोगितामा उत्कट ब्याटिङ्ग र बलिङ गरेका बाराका अरनिको यादवले प्लेयर अफ दि सिरिजको रुपमा नगद १५ हजार रुपैयाँसहित ट्रफि प्राप्त गरे भने बेष्ट ब्याटरको उपाधि बाराकै अभिशेष तिवारीले पाए ।

VACANCY ANNOUNCEMENT

BHC (100Bed) Super speciality Hospital is looking for energetic & result-oriented FULL TIME candidates for following positions:-

| SN. | POSITION | QTY. | QUALIFICATIONS |
| --- | --- | --- | --- |
| 1 | Consultant Nephrologist | 1 | DM / MD Nephrology |
| 2 | Consultant Cardiologist | 1 | DM / MD cardiology |
| 3 | Consultant Orthopaedics | 1 | MS Ortho |
| 4 | Consultant Gynaecologist | 1 | MS Gynae & OBS |
| 5 | Consultant Radiologist | 1 | MD Radiology |
| 6 | Consultant Psychiatrist | 1 | MD Pshychiatry |
| 7 | Consultant ENT Surgeon | 1 | MS ENT |
| 8 | Consultant Urologist | 1 | MCh / MS Urology |
| 9 | Dental Surgeon | 1 | BDS |
| 10 | Medical Officer | 3 | MBBS |
| 11 | Nurse | 10 | PCL Nursing / HA / CMA |

Growth oriented candidates can send application along with updated CV & Documents to info@bhchospital.com

BIRGUNJ HEALTH CARE HOSPITAL
SUPER SPECIALITY HOSPITAL
BAHUWARI-14, BIRGUNJ, PARSA
+977-9814292004, 051411100 Email us:- info@bhchospital.com

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन